# अध्याय-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सन् १९४८ मा संयुक्त राष्ट्र संघले विश्वव्यापी मानव अधिकारको घोषणा गरे पनि विभिन्न महासन्धिहरुमा नेपाल सहभागी भएपनि राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक आदि दृष्टिकोणले हेर्दा महिलाहरु पुरुषको दाँजोमा ज्यादै पछि परेका छन् । पछि परेका मात्र हैनन्, महिलाहरुको शोषण पनि भएको पाइन्छ । कृषि, मजदुरी र घरको सम्पूर्ण कामको जिम्मा वा अभिभारा महिलामा मात्रै रहेको पाइन्छ । तर सम्पत्तिको अधिकार, उत्तराधिकारको अधिकार र अन्य अधिकारहरु पुरुषको दाँजोमा महिलाका लागि कम छन् । महिलाले गरेको घरेलु श्रमको मूल्याङ्कन हुँदैन भने कृषिमा लागेको परिमाण बढी भएर पनि श्रमको मुल्याङ्कनमा महिला भएकै कारणले कम मानिन्छ । वि.सं. २०५८ सालको जनगणना अनुसार नेपालमा महिलाको संख्या ५० प्रतिशत भन्दा बढी रहेको छ । आधाभन्दा बढी हिस्सा ओगटेको नारीको सहभागिता विनाको विकासको परिकल्पना गर्नु सार्थक हुँदैन । यसकारण प्रत्येक क्षेत्रको विकासमा नारीको भूमिका पनि त्यत्तिकै अपरिहार्य मानिन्छ जति पुरुषको छ ।

जनगणना २०५८ अनुसार नेपालको कुल साक्षरता ५४.१ प्रतिशत रहेकोमा कुल पुरुष साक्षरता ६५.५ प्रतिशत र कुल महिला साक्षरता ४२.८ प्रतिशत रहेको छ । सामाजिक-आर्थिक क्रियाकलाप अन्तर्गतको घरायसी कार्यमा महिलाको व्यापक संलग्नता रहेको पाइन्छ । अध्ययनले देखाए अनुसार घरायसी व्यवस्थापनमा महिलाको प्रमुख भूमिका रहने र घरायसी कामकाजको बढी हिस्सा महिलाले नै सम्पन्न गर्ने भएता पनि घरायसी निर्णयमा भने महिलाको सहभागिता न्युन मात्र देखिन्छ । पितृसत्तात्मक संरचनाले गर्दा महिलाले पुरुष सँगसँगै निर्णय प्रक्रियामा सहभागी हुन

पाएका छैनन् । जसले गर्दा महिलाको आफ्नो छुट्टै पहिचान हुन सकेको छैन । महिलाहरू अन्य मार्फत् परिचय गराइन्छन् र साथै अर्काको भरमा बाँच्नुपर्ने बाध्यता भएकोले बच्चादेखि नै महिलाहरु दबिएको र महिला पुरुषमा व्यापक भेदभाव रहेको देखिन्छ । महिला सानो छँदा बाबुको बन्धनमा, जवानीमा श्रीमान्को नियन्त्रणमा र बुढेस कालमा छोरामाथि निर्भर हुन पर्छ भन्ने मान्यताले गर्दा महिलाहरू परनिर्भर हुनुपर्ने बाध्यता देखिन्छ ।

नेपाली महिलाहरुको आर्थिक अवस्था पुरुषको तुलनामा कमजोर देखिन्छ । नेपाली महिलाहरुको कार्यप्रतिको संलग्नतालाई हेर्दा उनीहरु समाजको पुर्नउत्पादनशील कार्यमा संलग्न रहने गरेकोले प्रत्यक्ष आय आर्जनका कार्यमा महिलाहरुको पहुँच रहन नसकेको देखिन्छ । घर गृहस्थी चलाउने सन्दर्भमा पुरुषको तुलनामा महिलाहरु बढी समय काममा खट्ने गर्दछन् । तर त्यसको प्रतिफल स्वरुप आर्थिक, नगद आय उनीहरुको हुन सकेको हुँदैन । यसैले उनीहरुले आर्थिक परिचालन गराउने कार्यमा आफ्नो निर्णय गर्न सकेका हुँदैनन् । यस अवस्थाले उनीहरुको पुरुषप्रति निर्भरता बढेको देखिन्छ । घर परिवार संचालनका प्रक्रियामा गरिने आर्थिक निर्णयहरुमा पुरुषहरुको नै प्रायः एकलौटी देखिन्छ । घरायसी स्तरको खेत जग्गा किन्ने, वस्तुभाउ किनबेच गर्ने, बन्द व्यापारमा लगानी गर्ने जस्ता अनेकौं क्रियाकलापमा प्रायः पुरुषको निर्णय सर्वोपरी रहेको देखिन्छ । जबकी त्यस्ता कार्यमा महिलाहरुको संलग्नता बढी हुन्छ ।

सन् २००१ को जनगणना अनुसार घरको स्वामित्व, जमिनमाथिको स्वामित्व तथा पशुपालनमा महिलाको स्वामित्व क्रमैसँग ५.५१, १०.८४ तथा ७.२४ प्रतिशत मात्र रहेको देखिएको छ भने अरु सबै प्रतिशत पुरुषको नै स्वामित्व छ । जुन अत्यन्तै विभेदपूर्ण र असमान छ ।

आर्थिक आधारमा पैत्रिक सम्पत्ति माथि रहने स्वामित्व तथा अधिकार पुरुषहरुमा बढी छ । समान कार्यमा असमान ज्याला प्रणाली अझै समाजमा देख्न सकिन्छ । आर्थिक आधारमा उच्चस्तरका पेशा, व्यवसाय तथा नोकरीमा महिलाहरुको पहुँच

अत्यन्तै न्यून रहेकोले राष्ट्रिय आय तथा पारिवारिक आयमा महिलाको भूमिका कमजोर देखिएको छ । अर्कातिर घरधन्दा, बालबच्चा स्याहार सम्भार, वस्तुभाउ, घाँसपात संकलन जस्ता कार्यमा महिलाहरुको अत्यधिक समय संलग्नता रहन्छ । यसैगरी सन् २००१ को जनगणना अनुसार देश बाहिर कामका लागि जाने संख्याको प्रतिशत महिलाको ३४.६ छ भने पुरुषको ८४.७ प्रतिशत रहेको छ ।

यस अधययन क्षेत्र भरतपुर-११, बसेनीका महिलाहरुको घरायसी निर्णय प्रक्रियामा के-कस्तो खालको भूमिका रहेको छ भन्ने कुराको अध्ययन गरिएको छ । यो शोधकार्य समाजशास्त्रीय अध्ययन भएकाले यसमा महिलाहरुको सामाजिक सांस्कृतिक अवस्थाको साथै पुरुष र महिलाबीचको निर्णयाधिकार सम्बन्धी के-कस्तो अवस्था रहेको छ साथै शहरीकरण र औद्योगिकरणले यहाँको महिलाहरुको जीवनमा के कस्तो प्रभाव र परिवर्तनहरु ल्याएको छ भन्ने विषयमा आधारित रही यो शोधकार्यको अध्ययन गरिएको छ ।

## १.२ समस्या कथनको प्रस्तुतीकरण

जनसंख्याको आधा भाग ओगटेको अर्थात् आधा आकाश ढाकेको महिला वर्गको विकासको लागि सरकारी क्षेत्रहरु साथै विभिन्न गैर सरकारी संस्थाहरु लागी परिरहँदा पनि राष्ट्रको एउटा मुख्य समस्याको रुपमा रहि आएको छ । २०५८ सालको जनगणना अनुसार नेपालको कूल जनसंख्याको ५०.०४ प्रतिशत महिला रहेको भए तापनि यिनीहरु सामाजिक, आर्थिक, राजनीतिक दृष्टिकोणले पछाडि परिराखेका छन् । नेपाली महिलाहरु घरदेखि बाहिर जस्तो शिक्षा, स्वास्थ्य, जागिर जस्ता क्षेत्रमा कम पहुँच वा कम सूचना र सेवाहरु प्राप्त गर्ने हुँदा सामाजिक र आर्थिक रुपमा महिला र पुरुषमा विभेद देखिएको पाइन्छ ।

यसप्रकार घरायसी कामकाज पूरा गर्ने अधिकांश जिम्मेवारी महिलाहरुको हुँदाहुँदै पनि सामान्य भन्दा सामान्य किसिमका आर्थिक लगायतका अन्य निर्णयहरु

गर्नुपर्दा महिला स्वयंले स्वतन्त्र रुपले निर्णय गर्न नसकी अर्थात् निर्णय गर्ने अधिकारको अभावले गर्दा पुरुष सदस्यको नै आज्ञा पाउनुपर्ने, स्वीकृति पाउनुपर्ने अवस्था अहिले पनि हाम्रो नेपाली गाउँ समाजमा विद्यमान नै रहिआएको देखिएको छ । महिलाहरुले घरायसी आम्दानीमा ५० प्रतिशत जति योगदान दिन्छन् र महिलाहरु पुरुषको ७.५१ घण्टाको दाँजोमा १०.७३ घण्टा घरायसी कामकाजमा नै व्यस्त रहन्छन् । तर पनि उनीहरुमा निर्णयाधिकार छैन (CEDA, 1981) । परम्परागत सोच र धारणाले जकडिएको हाम्रो मुलुकका नेपाली महिलाहरु चाहे शहरी हुन्, चाहे पढेलेखेका हुन् वा ग्रामीण नै किन नहुन् उनीहरुको स्तर पुरुषको दाँजोमा निकै कमजोर देखिन्छ र घरभित्र देखि लिएर सामाजिक लगायत कार्यालयहरुमा समेत कारोवार सञ्चालन लगायतका विभिन्न निर्णय प्रक्रियामा पुरुषहरुको नै सर्वोपरि रहँदै आएको छ ।

यस अध्ययनले हेर्न खोजेको समस्याहरु निम्न छन् ।

१. परिवारमा आफ्नो निर्णय पूर्ण रुपमा लागू नहुनु ।
२. सामाजिक गतिविधिमा कम संलग्न हुनु वा संलग्नै नहुनु ।
३. धार्मिक, अन्धविश्वास, रुढिवादीमा विश्वास गर्नु ।

उपर्युक्त, समस्याहरूको आधारमा यस अध्ययनले चितवनका महिलाहरूमा के कस्तो निर्णय गर्ने अधिकार छ भन्ने कारक तत्वहरुको खोजि गर्नेछ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य घरायसी निर्णय प्रक्रियामा महिलाको भूमिकाको विश्लेषण गर्नु रहेको छ । यसको विशिष्ट उद्देश्यहरु निम्न प्रकार रहेका छन् ।

१. घरायसी क्रियाकलाप र आर्थिक निर्णय प्रक्रियामा महिलाको भूमिकाको अध्ययन गर्ने ।
२. कृषि कार्यमा महिलाको सहभागिता र निर्णय प्रक्रियाको अध्ययन गर्ने ।

## १.४ अनुसन्धानको महत्व

घरायसी निर्णयदेखि लिएर सामाजिक, राष्ट्रिय स्तरसम्मका विभिन्न विकासका र अन्य क्रियाकलापहरुमा पुरुषको नै बाहुल्यता रहने र पुरुष नै सुविधा भोगी रहने तर महिलाहरुको भने यस्ता कार्यमा कम संलग्नता रहने र साथै सुविधा भोग गर्नमा पनि महिलाहरु पछाडि परेको अवस्थामा पक्कै पनि दिगो विकास सम्भव हुन सक्दैन । महिला पुरुष एकै रथका दुई पाङ्ग्रा, एउटै सिक्काका दुई पाटा हुन् । त्यसैले एक पक्षको मात्र सक्रियता र अर्को पक्षको निष्क्रियताले कुनै पनि क्रियाकलाप सुलभ ढंगले सम्पन्न हुँदैन । घर भित्रको सानातिना काम कुरा देखि लिएर समाज र राष्ट्रसम्मका क्षेत्रमा महिला पुरुषको समान सहभागिता र संलग्नता रहन सक्यो भने पक्कै पनि देशमा दिगो विकास सम्भव हुन्छ भनेर आशावादी हुन सकिन्छ ।

कुनै पनि विषयवस्तु अध्ययन गर्नु पछाडि त्यस विषयको आफैमा एउटा महत्वपूर्ण स्थान हुनाले अध्ययन विश्लेषणको आधारमा नै कुनै पनि विषयको वास्तविक रुप, स्वभाव, आकार, प्रकार आउने हुँदा नेपाली समाजभित्र महिलाहरुको अवस्था र निर्णयाधिकारलाई वास्तविक रुपमा चरितार्थ गर्नु नै यस अध्ययनको महत्व रहेको छ । पितृसत्तात्मक परिपार्टीभित्र जीवन व्यतित गर्ने महिलाहरुको अवस्था पुरुषको तुलनामा कमजोर हुनाका कारणहरुको जानकारी यसबाट लिन सकिन्छ । त्यसैले यसबाट आएका निष्कर्षहरु अन्य अनुसन्धानकर्ताका लागि पनि उपयोगी हुनुका साथै मार्ग दर्शन हुन सक्ने विश्वास गर्न सकिन्छ ।

## १.५ अध्ययनको सीमा

'निर्णय प्रक्रियामा महिलाको भूमिका' भन्ने मुद्दा धेरै विस्तृत छ । त्यसैले एकै स्थान र समयमा यसको अध्ययन गर्न सम्भव छैन । त्यसैले यो अध्ययन विशेष गरी घरायसी आर्थिक र कृषि क्षेत्रमा महिलाको स्थिति र निर्णायक भूमिकाको विश्लेषण गर्ने कुरामा मात्र केन्द्रित रहेको छ । र यो अध्ययन केवल भरतपुर-११, बसेनीलाई मात्र आधार मानेर तयार पारिएकोले यसले राष्ट्रिय स्तरलाई समेट्न सकेको छैन र सिमित दायरा मात्र समेटेको छ । यस अध्ययन क्षेत्र भित्रका सम्पूर्ण विवाहित महिलाहरुको बारेमा नभएर छानिएको ५०

विवाहित महिलाहरुसँग लिइएको अन्तर्वार्ताको आधारमा मात्रै तयार पारिएको हुनाले पनि यसको अध्ययन सिमा सिमित रहन गएको छ । साथै यो अध्ययन अनुसन्धान निश्चित शैक्षिक प्रयोजनको लागि गरिएको हुनाले यसका आफ्नै किसिमका निश्चित सीमाहरु रहेका छन् ।

## १.६ अध्ययनको ढाँचा

१. यस अध्ययनलाई ६ वटा अध्यायमा बाँडिएको छ । अध्याय एकमा परिचय रहेको छ । जसमा अध्ययनको पृष्ठभूमि, समस्या कथनको प्रस्तुतीकरण, अध्ययनको उद्देश्य, अनुसन्धानको महत्व, अध्ययनको सीमा र अध्ययनको ढाँचा वा संगठन रहेको छ ।

२. अध्याय दुईमा सम्बन्धित साहित्यको अध्ययन छ जसमा सम्बन्धित साहित्यको पुनरावलोकन रहेको छ ।

३. अध्याय तीनमा अनुसन्धान पद्धति रहेको छ । जसमा अध्ययन क्षेत्र छनोटको औचित्य, अनुसन्धानको रुपरेखा, तथ्यांकको प्रकृति र श्रोत (प्राथमिक श्रोत र द्वितीय श्रोत), नमूना छनोट विधी, तथ्यांक संकलन विधी र तथ्यांकको प्रस्तुतीकरण एवं विश्लेषण रहेका छन् ।

४. अध्याय चारमा अध्ययन क्षेत्रको सामान्य जानकारी रहेको छ । जसमा अध्ययन क्षेत्रको भौगोलिक अवस्था, हावापानी, ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थलहरू, वनजंगल, नदी तथा ताल, जनसंख्या, शैक्षिक अवस्था, स्वास्थ्य सेवा, संचार तथा यातायात, खानेपानी, विजुली, पेशा व्यवसाय, धर्म र संस्कृति आदि रहेका छन् ।

५. अध्याय पाँचमा भरतपुर-११, बसेनीका महिलाहरुको आर्थिक क्रियाकलाप, घरायसी क्रियाकलाप, कृषि सम्बन्धी क्रियाकलाप आदि बारेमा गरिएको अध्ययन अनुसार यस सम्बन्धि तालिकाबद्ध तरिकाले विभिन्न विश्लेषणहरू गरिएका छन् ।

६. अध्याय छमा घरायसी निर्णय प्रक्रियामा महिलाको भूमिकाको अध्ययनको आधारमा सारांश तथा निष्कर्ष प्रस्तुत गरिएको छ भने अन्तमा अध्ययन गर्दा प्रयोजनमा आएका सन्दर्भ सामग्रीहरू र शोधकालागि प्रयोग गरिएको प्रश्नावली प्रस्तुत गरिएको छ ।

# अध्याय - दुई

# सम्बन्धित साहित्यको अध्ययन

**महिला र विकास**

विश्वका प्रत्येक देशले विकासको सुचकको रुपमा महिला विकासलाई लिएकोले विकासोन्मुख देशको सामाजिक आर्थिक पक्षमा विकास हुनुमा त्यस देशको महिलाहरूको विकास हुनु नितान्त आवश्यक पर्दछ । महिला वर्गलाई सक्षम र योग्य बनाई उनीहरुको आत्म विश्वासको विकास गराई नेतृत्व क्षमतामा बृद्धि गरी राष्ट्र विकासको मुल प्रवाहमा सामेल गराउने नीति रहेको भए तापनि नेपाली महिलाहरुको खास गरी सम्पत्तिमा अधिकार नहुनाको साथसाथै परम्परागत मान्यता र रुढिवादी संस्कृतिबाट जकडिएकोले विपन्न अवस्थामा रहेकाले ग्रामीण लगायत समग्र नेपाली महिलाहरुको स्थितिको बारेमा गरिएका अध्ययन, अनुसन्धान र विश्लेषणलाई पुनरावलोकन गरिएको छ ।

महिलाको अवस्था स्तरबारे विचार गर्दा यसलाई विभिन्न धारणाबाट विचार गर्नुपर्ने हुन्छ । जस्तै शिक्षा, रोजगारी, ऐन, कानून, सांस्कृतिक स्थिति आदि विभिन्न पक्षबाट यसलाई अध्ययन गरिनु आवश्यक हुन्छ । अवस्था भन्ने कुरा सामाजिक संरचना अनुसार परिवर्तन भइ नै रहन्छ । सैद्धान्तिक रुपमा आजका नेपाली नारीको स्थान, आदर र मर्यादा उहि छ जुन लिच्छवि कालमा थियो । त्यही बेलाको नारी समाज र अहिलेको विच सति प्रथामा भने फरक देखिन्छ । हिन्दू आदर्श समाजमा पत्नीलाई अर्धाङ्गिनी मानिन्छ । पत्नी विना गरेको कुनै पनि धार्मिक कार्य अधुरो ठानिन्छ । त्यस्तै हिन्दू आदर्शमा नारीलाई शक्ति (देवी), धन (लक्ष्मी) र ज्ञान (सरस्वती) को प्रतीक मानिन्छ । विश्व महिला सम्मेलन बेइजिङ्ग १९९५ मा पारित बुँदाहरुमा नेपाल सरकारले जनाएको प्रतिबद्धता अनुरुप र महिला वर्गलाई विकास प्रक्रियामा

समान रुपले सहभागी बनाउनु पर्ने राष्ट्रिय हाँक अनुसार महिला सशक्तिकरणको आवश्यकतालाई नवौं योजनाले पनि अङ्गिकार गरेको छ (नवौं योजना, २०५५) ।

महिलाको Status बारेमा मिना आचार्यले आफ्नो अध्ययन अनुसन्धानको क्रममा उल्लेख गर्नुभएको छ कि कुनै पनि परिवारको Status कस्तो छ भन्ने कुरा त्यस परिवारमा रहेका महिलाको अवस्थाले जनाउँदछ । अर्थात कुनै पनि व्यक्तिको परिवारको पारिवारिक स्तर भन्ने कुरा उसको परिवारमा महिलाले ओगटेको स्थानसँग गाँसिएको हुन्छ । जुन एक परिवार र अर्को परिवार बिच फरक हुन्छ । साथै महिलाको Status भन्ने कुरा जाती विशेषमा पनि फरक-फरक हुन्छ । एउटा जाती र अर्को जातीको महिलाको Status मा पनि भिन्नता पाइन्छ (Acharya, 1981) ।

बाँकेमा आवाज उठाउनका लागि महिला संगठित भए केयर नेपालको विभिन्न परियोजना तथा कार्यक्रमहरु मार्फत् सुशासन साक्षरता कक्षा तालिम प्राप्त गरेपछि तालिम पाठ्यक्रमको अंशको आधारमा महिलाहरुले गाउँमा विभिन्न विभेदपूर्ण अभ्यासहरुका विरोधमा आवाज उठाउन शुरु गरे । सो अवधिमा उनीहरुले संगठनको महत्व बुझ्न थाले । सहभागीहरुले आफैं सङ्गठित भएर गा.वि.स. वा समूहगत रुपमा महिला पैरवी मञ्च गठन गरे । स्थानीय तहमा आफ्नो आवाज उठाउनका लागि यो प्रभावकारी भएता पनि समान इच्छा भएका महिलाहरु एकतृत वा सङ्गठित नभएसम्म जिल्ला तहका नीति तथा कार्यक्रमहरुमा प्रभाव पार्न नसकिने यथार्थता उनीहरुले महशुस गरे । यो कुरा बुझेर उनीहरुले केही बाह्य निकायहरु जस्तै सगुन/केयर आदिको सामान्य सहयोगमा विभिन्न गाउँ तहका समूहहरु बीच अन्तरक्रिया कार्यक्रम नेपालगञ्जमा आयोजना गरे र जिल्ला महिला पैरवी मञ्च नामक गा.वि.स. तहका मञ्चहरको महासंघ गठन गरे । अहिले ३५ गा.वि.स. का मञ्चहरु यसमा आवद्ध छन् र उनीहरुले जनवरी २००६ मा तदर्थ कार्यकारी समिति गठन गरे । हालसम्म यो संस्था दर्ता भएको छैन र उनीहरु स्वतन्त्र मञ्चका रुपमा रहन चाहन्छन् ताकि आफू कुनै राष्ट्रिय नीति तथा नियमहरुमा बाँधिनु नपरोस् र आफ्ना आवाजहरु स्वतन्त्र तथा

प्रभावकारी ढंगले उठाउन सकियोस् । उनीहरुले जिल्ला तहमा उठाएका केही मुद्दाहरुमा (क) महिलाको नाममा नागरिकता दिनुपर्ने (ख) महिला विरुद्ध हुने घरायसी हिंसा र सांस्कृतिक विकृतिहरु (ग) विकासका अवसरहरुमा महिलाहरुको समान पहुँच ( घ) गरिव परिवारका लागि समान वितरण प्रणालीको सुनिश्चितता र (ङ) दाइजो प्रथा तथा बालिका शिक्षा सम्बन्धमा आदि रहेका छन् ।

(UNDP, २०६३)

नारी संसारमा जुन अवस्थामा आउँछे जीवनभर त्यही अवस्थामै जिउन बाध्य हुन्छे । सधैं असुरक्षित, परजिवी, नग्न अनि रोदन । आफ्नो होस् सम्भाले देखि नै समाज र परिवारबाट नारीलेपुरुषको सेविका बन्नुपर्ने, उसलाई आफ्नो परमेश्वर र मालिक मान्नुपर्ने अनि पुरुषको सहाराबिना नारीको जीवन व्यर्थ, कष्टकर र अभिशाप बन्छ भन्ने पाठ पढ्दै आएको हुन्छे । यस्तै शिक्षा, दीक्षा र व्यवहारिक भोगाइले अन्ततः नारी एक परजिवी अर्थात् पुरुषमाथि आश्रित प्राणी बन्न पुग्छे र सधैं आफ्नो सुरक्षित र सुनिश्चित भविष्यका लागि एउटा पुरुष चाहे त्यो दाजुभाइ, ससुरा, श्रीमान् वा छोराको नजिक हरहमेसा रहन प्रयास गर्छे र अन्ततः ऊ पृथ्वीको तारा बन्छे (नारी, २०६५) ।

बढ्दैछ चेतना → राजनीति, कानुन, उद्योग, राष्ट्रिय र अन्तर्राष्ट्रिय, सरकारी, गैर सरकारी संस्थाहरुको उच्च तहमा पनि महिला सहभागिता बढ्दो छ । अनेकौ पेशा व्यवसाय र सरकारी, नीजि कार्यालय, उद्योगहरुमा साधारण कर्मचारीदेखि उच्च तहसम्म महिला कार्यरत छन् । वैदेशिक रोजगारीमा समेत महिलाले आफ्नो आर्थिक हैसियत, पहिचान र इज्जत बढाएका छन् । भारत बाहेक अन्य मुलुकमा वैदेशिक रोजगारीमा रहेका करिब १५ लाख नेपाली मध्ये ११ प्रतिशत महिला छन् । पुरुषहरु विदेशिंदा सम्पत्ति र स्वामित्वमा महिलाको पहुँच बढेको मात्र छैन, ग्रामीण भेगका स-साना उद्योग व्यवसायमा समेत महिला संलग्नता बढेको छ । सामाजिक जागरणले महिला प्रतिको विभेद कमहुँदै गए पनि त्यसको अन्त्य भने भइसकेको छैन । तर महिलामा केही गरेर देखाउने र स्वतन्त्र बन्ने भावना बढ्दो छ ।

(हिमाल, २०६४)

महिलाहरुलाई वैवाहिक स्थितिले छोरीबाट बुहारीमा परिवर्तन गराउँछ । विवाह पश्चात् महिलाहरुको हैसियत र भूमिकामा परिवर्तन आई कर्तव्य र कामको भार बढाउँछ । वैवाहिक स्थितिले नै महिलाहरुलाई पुरुष निर्भर बनाउँछ, किनभने उनीहरुको सम्पत्तिमाथिको अधिकार पुरुषबाट वा उसको परिवारबाट प्राप्त हुन्छ । पुरुषहरुलाई भने जन्मदै अधिकार प्राप्त हुन्छ । त्यस्तै गरी कम उमेर वा उमेर पुगेपछि विवाह हुने अवस्थाले महिलाको सामाजिक स्थितिलाई दर्शाउँछ । नेपालमा महिलाहरुको कलिलै उमेरमा विवाह गर्ने प्रचलनले प्रजनन दर सामान्यतया बढी देखिएको छ । यसका साथै कलिला उमेरमा गर्भवती हुनुपर्ने कारणले शिशु मृत्युदर र मातृ मृत्युदर पनि बढिरहेको छ । खास गरी सामाजिक धार्मिक परम्परा अनुसार महिलाहरुलाई चाँडो विवाह गरिदिने अर्थात् नछुने हुनुभन्दा अगाडि बिहे गरी जल खान पाए पुण्य प्राप्त गरिन्छ वा धार्मिक ऋण तिरिन्छ भन्ने भनाई पाइन्छ जसले गर्दा नारीलाई कमजोर बनाइदिएको छ । नारीको पहिलो प्राथमिकता विवाहलाई र दोश्रोमा शिक्षा र रोजगारीलाई दिइएको छ" (आचार्य, १९९७) ।

"कृषि कार्यको प्रारम्भदेखि समाप्तीसम्म नेपाली किसान महिलाहरु पूर्णतः सक्रियताका साथ काममा संलग्न हुन्छन् तर उनीहरुको यो महत्वपूर्ण भूमिकालाई अहिलेसम्म समग्रतामा स्वीकार गरिएको पाइँदैन । यो स्थितिले कृषि क्षेत्रमा र कृषि प्रधान मुलुकको सामाजिक विकासको सन्दर्भमा पनि महिलाहरुको भूमिकाको सही मूल्यांकन हुन सकेको पाइँदैन (अधिकारी र कार्की, १९९१) ।

२०५८ सालको जनगणना अनुसार नेपालमा महिलाहरुको संख्या १ करोड १६ लाख ३० हजार छ । ती मध्ये २० देखि ५५ वर्षसम्मकालाई मात्रै उत्पादनशील भनेर मान्ने हो भने पनि यस्ता महिलाको संख्या ८० लाख हुन्छ, जुन यसै उमेर समूहका ८१ लाख ३० हजार पुरुषहरुको तुलनामा केही मात्र कम हो । तर उद्योग व्यवसायमा भने थोरै महिलाहरु सहभागी छन् । यसो हुनुमा शिक्षा र आत्मविश्वासको अभाव, सीपमूलक तालिमको कमी र लगानीको समस्या मुख्य छन्, समस्यै समस्यासँग

जुध्नुपर्ने बाध्यताका कारण हुन सक्छ, धेरै महिलाहरु हत्तपत्त उद्योग क्षेत्रमा हात हाल्न चाहँदैनन् । जन्मदेखि नै आर्थिक स्वतन्त्रता नहुनु महिला उद्यमशीलताको विकासमा ठूलो बाधक बनेको छ ।

राष्ट्रिय जनगणना २०५८ अनुसार काम गर्ने उमेरका ४३ लाख महिलाहरु अर्थोपार्जनका क्रियाकलापमा संलग्न छन् । ती मध्ये कृषि र वनमा संलग्न ३१ लाखलाई अलग गर्दा करिब १२ लाख महिलाहरु उद्योग, पेशा र व्यवसायमा लागेका देखिन्छन् । यी १२ लाख कमाउने महिलामध्ये उत्पादनमूलक उद्यम पेशा अँगाल्ने महिलाको संख्या सरकारी, गैरसरकारी कुनै पनि श्रोतबाट खुल्न सकेको छैन । तर सरकारी स्तरबाट अदक्ष, अर्धदक्ष, दक्ष र उच्चदक्ष गरी ४ श्रेणीमा विभाजित ज्यालाको औसतदर प्रति व्यक्ति प्रति महिना रु. २३५० लाई आधार मान्दा कृषि बाहेक अन्य क्षेत्रमा कार्यरत महिलाको वार्षिक झण्डै रु. ३४ अर्ब कमाउने देखिन्छ (हिमाल, २०६०)

महिलाहरु विरुद्धका सम्पूर्ण भेदभाव समाप्त पारी उनीहरुलाई पुरुषसरह समान अधिकार उपयोग गर्न सक्ने वातावरणको प्रत्याभूति दिन एवम् प्रचलन बसाल्नका निमित्त संयुक्त राष्ट्रसंघीय महासन्धिले विशेष संरक्षणको व्यवस्थाहरु गरेको छ । सो अनुरुप राष्ट्रिय मूल कानुनहरुमा समेत महिलाहरुलाई पुरुषसरह समानताको हक प्रत्याभूति गरेको भए पनि उनीहरु आर्थिक, सामाजिक, राजनीतिक आदि क्षेत्रहरुमा पुरुषसरह अधिकार उपभोग गर्न सक्षम एवम् समर्थनवान भइसकेका छैनन् । हत्या, बलात्कार, यौनउत्पीडन, बेचबिखन तथा विभिन्न किसिमका घरेलु हिंसा जस्ता सामाजिक अपराधका शिकारहरु महिला नै हुने गरेका छन् ।

मुलुकको सामाजिक संरचना पुरुषप्रधान एवम् लिङ्गभेदी सामाजिक बनोटले हाम्रो जस्तो समाजमा महिला विरुद्ध हुने हिंसालाई चढावा दिएको छ । नेपाली समाजमा महिला विरुद्ध हुने घरेलु हिंसाका नमूना हेर्ने हो भने मानसिक यातना, शारीरिक यातना, परम्परागत प्रचलन, राजनीतिक एवम् सामाजिक रुपमा हुने हिंसा, राज्यबाट भइरहेको भेदभावपूर्ण व्यवहारहरुलाई लिन सकिन्छ । पुरुषको प्रधानता भन्ने

हाम्रो सामाजिक दृष्टिकोणको धारणा संविधान र कानुनद्वारा प्रदत्त हकहरुको प्रचलन एवम् उपभोगका लागि सहज रुपमा न्यायको मार्गमा पुगि न्याय प्राप्त गर्न महिलाहरुले अनेकौं समस्याहरु भोग्नुपरेको तथ्य नकार्न सकिने अवस्था छैन । नेपालको अन्तरिम संविधान, २०६३ ले सामान्य कानुनको प्रयोगमा र कानुनको समान संरक्षणबाट समेत लैङ्गिक आधारमा भेदभावपूर्ण व्यवहार नगर्ने सिद्धान्तलाई मौलिक हकको रुपमा प्रत्याभूति गर्दागर्दै पनि महिलाहरु पुरुषसरहको समान स्थितिमा नरहेको यथार्थतालाई महशुस गर्नैपर्छ । यसैगरी महिलावर्गको उत्थान, संरक्षण र उन्नतिका लागि राज्यले विशेष व्यवस्था गर्नुपर्ने कुरालाई संविधानले राज्यको नीतिका रुपमा अङ्गिकार गरेको छ ।

दशौं योजना र अन्तरिम संविधान २०६३ अनुसार विभिन्न क्षेत्रमा महिलाको अवस्था यसप्रकार छन्:

(क) महिलाका जनसंख्या ५०.३ प्रतिशत

(ख) महिलाको औसत आयु ६२.२ वर्ष

(ग) महिलाको साक्षरता (१५ वर्षमाथि) ३४.६ प्रतिशत

(घ) महिलाको निजामती सेवामा स्थान ८.५५ प्रतिशत

(ङ) महिलाको शिक्षकमा स्थान २६ प्रतिशत

(च) महिलाको सञ्चारमा सहभागिता १२ प्रतिशत

(छ) महिलाको वैदेशिक रोजगारमा १०.८५ प्रतिशत

(ज) महिलाको भूमिको स्वामित्व १०.८३ प्रतिशत

(झ) महिलाको घरमाथिको स्वामित्व ५.५१ प्रतिशत

(ञ) महिलाको कृषि उत्पादनमा योगदान ६०.५१ प्रतिशत

(ट) महिलाको संविधानसभामा सहभागिता ३३ प्रतिशत

(ओझा, २०६४) ।

नारी सृष्टिको जननी हुन् । वर्तमान समयको सामाजिक संरचनाले सदियौं देखि नारीलाई पछाडि पाऱ्यो । पुरुषले शिकार गरेर खाना ल्याउनुपर्ने महिला बालबच्चा स्याहारेर घरभित्रै बसिरहनु पर्ने हुँदा यी दुई लिङ्गबीच श्रम विभाजन हुँदा महिलाहरु घर धन्दा मै सीमित हुन पुगे भने पुरुषले बाहिर काम गर्ने अवसर पाए । बढी अवसर पाएको वर्गले धर्म, संस्कृति, संस्कार र सामाजिक, आर्थिक, राजनैतिक सबै क्षेत्रमा हैकम जमायो र नारीको शक्ति क्षीण बन्दै गयो ।

ग्रन्थमा नारीको सम्मान भएको पाइन्छ । अर्थको प्रमुख लक्ष्मी विद्याकी सरस्वती तथा शक्तिको खानी भगवती सत्ययुगका प्रमुख तीन शक्ति थिए । असुरी शक्तिले धर्ममाथि विजय प्राप्त गर्न खोज्दा उक्त शक्तिलाई परास्त गर्न भगवानहरुले एउटा शक्तिको सिर्जना गरे । त्यो शक्ति दुर्गा भगवती थिइन् । नवौं दिनसम्म लडेपछि दशौं दिनमा आसुरी शक्तिलाई परास्त गरी धर्मको विजय भयो । त्यसै दिनलाई विजयादशमीका रुपमा मनाउन थालियो । यसैबाट पनि वर्तमान समाजले सिक्नु र कार्यान्वयन गर्नुपर्ने धेरै कुरा छन् । क्षमता र प्रतिभाका धनी तर अवसरविहिन नारी शक्तिलाई जबसम्म राज्य र त्यसका संरचनाले शैक्षिक, आर्थिक, प्रशासनिक आदि क्षेत्रमा सबल बनाउँदै जिम्मेवारी दिने सोचमा रुपान्तरण हुन सक्दैन तबसम्म पुरुषवादी संरचनाले नयाँ नेपालको निर्माण हुन्छ भन्नु अपूर्ण र अव्यवहारिक तर्क हो । नारी शक्तिको पहिचान समग्र समाजलाई छ तर सदियौं देखि पुरुष प्रधानताले प्रमुखता पाइरहको समाजमा उक्त शक्तिको पहिचान गरी जिम्मेवारी हस्तान्तरण हुन सकेको छैन र हुँदैन पनि । सत्ययुगका नारी यस्ता शक्ति थिए भन्ने बखान गरेर मात्र समाजमा त्यसको प्रभाव पर्दैन । यथार्थ मै उक्त शक्तिको कार्यान्वयन हुनुपर्दछ (नारी, २०६५) ।

### महिला विकासमा गरिएको प्रयास

महिला विकासका लागि स्वतन्त्र महिला आयोगको विकास, महिला मन्त्रालयको विकास, प्रत्येक जिल्लामा महिला विकास शाखाको विकास, योजनामा लैङ्गिक विश्लेषण

निर्देशिकाको प्रयोग जस्ता अवस्थाले महिलाको विकास र परिवर्तनमा टेवा पुऱ्याइरहेका छन् । जसले विगतका तुलनामा वर्तमान समयमा महिलाको अवस्था सुध्रिने मौका र अवस्थाहरु सिर्जना भएका छन् । महिलाको प्रजनन् अधिकार कानुनतः सुरक्षित गर्न खोजिएको छ । पैत्रिक सम्पत्ति दिलाउन खोजिएको छ । यसलाई पनि नेपाली महिलाको अवस्थामा आएको परिवर्तनका रुपमा लिन सकिन्छ । आजको अवस्थामा नेपालले महिला भेदभाव विरुद्धका सम्पूर्ण अन्तर्राष्ट्रिय महासन्धिहरुमा प्रतिवद्धता जनाइसकेको अवस्था छ । यसले पनि भोलिका दिनमा महिलाको अवस्था सुध्रिन मद्दत गर्ने देखिन्छ ।

निष्कर्षमा भन्नुपर्दा विगत र २ दशक यता महिलाहरुको अवस्थामा विभिन्न क्षेत्रमा व्यापक परिवर्तन आएको छ । तर यो परिवर्तनको केन्द्रविन्दु भनेको शहरका पढेलेखेका महिलाहरु नै भएका छन् । सरकारले महिला विकासका लागि चालेका क्रियाकलापको अवसरलाई उपयोग गर्न सक्ने हैसियत नभएका अत्यन्तै तल्लो तहका महिलाको संख्या अरु तहको संख्याभन्दा बढी छ । समग्र महिला जगतको परिवर्तनका लागि समुदायका सिमान्त तहमा रहेका महिलाको अवस्थालाई केन्द्रित गरी कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ । महिलाहरुको उत्थानका लागि नेपालमा वि.सं. २०३६-२०३७ सालदेखि नारी दिवस मनाउन थालिएको हो । ९८ औं अन्तर्राष्ट्रिय नारी दिवसको मूल नारा “लैङ्गिक समानताका लागि लगानी गरौं” भन्ने रहेको थियो ।

विभिन्न अन्तर्राष्ट्रिय प्रयासहरुको फलस्वरुप नेपालको संविधान र मुलुकी ऐनमा छैटौं पञ्चवर्षीय योजनाकालदेखि महिलाहरुको लागि योजनाबद्ध विकासको थालनी हुँदै आएको छ । छैटौं, सातौं र आठौं पञ्च वर्षिय योजनामा महिला विकास सम्बन्धी खासै उपलब्धी हाँसिल हुन नसक्नाले “विकासमा महिला” नीति अन्तर्गत उपयुक्त वातावरण सिर्जना गरी महिला कृषक सहभागिता प्रौढशिक्षा, उद्योगमा महिला सहभागिता, प्रसुति सेवाको विस्तार र ग्रामीण महिलाहरुको आर्थिक स्थितिमा सुधार ल्याउन सञ्चालन गरिएका उत्पादन ऋृण कार्यक्रम र साना किसान महिला विकास

जस्ता कार्यक्रमको विस्तारमा जोड दिने जस्ता नीतिहरु बनाइएको थियो । ऐतिहासिक विकासक्रमको आधारमा नेपालमा नारी आन्दोलनलाई ३ चरणमा राखेर हेर्न सकिन्छ ।

(क) पञ्चायती व्यवस्थापूर्व (सन् १९६० भन्दा अगाडि)

(ख) पञ्चायती व्यवस्थाकाल (सन् १९६०-१९९०)

(ग) पञ्चायती व्यवस्था पश्चात् (सन् १९९० पछाडि)

नेपालको अन्तरिम संविधान, २०६३ ले पनि महिलाको हक सम्बन्धी निम्न कुराहरु समावेश गरेको छ ।

१. महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन ।

२. प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक हुनेछ ।

३. कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुने किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ ।

४. पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुनेछ ।

(अन्तरिम संविधान, २०६३)

नेपालको वर्तमान सामाजिक संरचनामा महिलाहरुको भूमिका र स्थिति हेर्नेहो भने विगतको तुलनामा वर्तमानमा धेरै नै परिवर्तन भएको पाइन्छ । विश्व परिप्रेक्षमा प्रचलनमा आएका विकासका हर क्षेत्रमा समान रुपमा सहभागी बनाउने उद्देश्यले लैङ्गिक समानता, महिला विकास र सशक्तिकरण जस्ता अवधारणाहरु नेपालको सन्दर्भमा पनि प्रचलनमा आएको देखिन्छ । संयुक्त राष्ट्र संघद्वारा महिलाको विकास र सशक्तिकरणको उद्देश्य लिएका महिला सम्बन्धी विश्व सम्मेलनहरु हुँदै आइरहेको छ ।

(राष्ट्रिय प्रतिवेदन, २०००)

## महिला र शिक्षा

अन्तर्राष्ट्रिय स्तरमा महिला विकास सम्बन्धी चेतना जागेको भए पनि नेपालमा महिलाहरुको महत्वपूर्ण भूमिका तथा मर्यादा बौद्धिक, प्रशासनिक र नीतिगत रुपमा चासेको विषय बन्न सकेको छैन । विकासका प्रक्रियामा महिला शक्तिलाई संलग्न गराउन तथा सशक्त र सक्रिय बनाउन आफ्नो हक अधिकार प्रति जागरुक भएर नीति निर्माणका तहमा विकास गर्नुपर्छ । नेपालमा महिला विकासका कार्यक्रमहरु छैटौं पञ्चवर्षीय योजनाबाट प्रारम्भ भएका छन् भने अन्तर्राष्ट्रिय नारी वर्षले महिला सशक्तिकरणमा ठूलो योगदान पुऱ्याउनुका साथै सरकारी तथा गैर सरकारी स्थितिमा सुधार ल्याउन औपचारिक तथा अनौपचारिक चेलीबेटी शिक्षालाई प्रभावकारी बनाउन, पौष्टिक शिक्षा र रोजगारीका अवसरका कार्यक्रमहरुको तर्जुमा गरिएको थियो भने सातौं तथा आठौं योजनामा महिला सहभागिताका विस्तृत नीति तथा कार्यक्रमहरुको तर्जुमा गरिएको थियो ।

देशको अर्थतन्त्र कुल जनसंख्याको आधा क्षेत्र ओगटेको महिला वर्गमा विशेष गरी ग्रामीण महिलामा निर्भर रहेको छ । खासगरी, महिलाले रोजगारीका अवसर पाए पनि न्युन वेतन तथा सिप विहीन कार्यमा दिन गुजार्नुले महिला विकासमा गति आउन सकेको छैन भने महिलाहरुमा चेलीबेटी बेचबिखन र बेश्याबृत्ति जस्ता समस्या जस्ताका तस्तै रहेका छन् ।

नेपालको उद्योग धन्दामा महिलाहरुको स्थान संख्यात्मक तथा गुणात्मक रुपमा नगण्य हुनुका साथै महिला र पुरुष बीच असमानता पनि रहेको छ । औद्योगिक क्षेत्रमा महिलाको प्रतिनिधित्व गराई साधारण सीप आवश्यक हुने काममा लगाइन्छ र कम ज्याला पाउने काममा केन्द्रित गरिन्छ, कारखानामा महिलाहरुले काम गर्ने वातावरण छैन भने सुकुम्बासी तथा गरिब परिवारका महिलाहरु अनौपचारिक क्षेत्रका काममा बन्धक बनाइएका छन् । महिलाहरुको श्रम शक्तिको बृद्धिदर पुरुषको दाँजोमा अत्यधिक

भए पनि बेरोजगार छन् । उनीहरुलाई आर्थिक रुपले सक्षम गराउन उद्यमशील काममा प्रवर्द्धन गर्नु महत्वपूर्ण कदम हुन्छ । ठूलो पूँजी लगानी गरेको उद्योगमा महिलाको संख्या कम छ भने उनीहरुलाई घरायसी र कृषि क्षेत्रको कामको बोझ रहेको छ ।

तुलनात्मक रुपमा शिक्षामा महिलाहरु पछाडि छन् । उच्च शिक्षामा महिलाहरुको संख्या पुरुषको भन्दा न्यून छ । साक्षर महिलाहरु मध्य लगभग एक तिहाइ महिलाहरुले विद्यालयको औपचारिक शिक्षा कहिले पनि पाएका छैनन् र ४० प्रतिशतले प्राथमिक शिक्षासम्म मात्रै बल्ल तल्ल पढेका छन् । महिलाको स्वास्थ्य स्थिति निकै दयनीय र जोखिमपूर्ण अवस्थामा छ । संसारमा महिलाको आयु पुरुषको भन्दा कम भएका तीनवटा राष्ट्रहरुमा नेपाल पनि एउटा हो । नेपालमा पुरुष र महिलाको औषत आयु क्रमशः ५५.४ र ५२.५ वर्ष रहेको छ (तुलाधर १९९७) ।

नेपाली समाजमा के सोचिन्छ भने महिलाको जीवनमा शिक्षाको कुनै प्रयोग हुने छैन । किनकी एउटी महिलाले आफ्नो घर बाहिर अर्थात् बाह्य संसारमा काम गर्न पाउँदैनन् जसबाट उसले आर्जन गरेको सीप पनि बिर्सँदै जानेछन् । शिक्षालाई मात्र यहाँ के कुरामा लिइन्छ भने यदि महिला शिक्षित भयो भने उसले बढी पढेलेखेको केटा पाउँछ वा उसको विवाह राम्रो घरमा हुन्छ । महिलाहरुले खेतमा काम गरी पैसा आर्जन गर्नुको बदलामा पैसा र समय खर्च गरेर अनुपयोगी कार्य गर्नु बेकारको कुरा हो । (CEDA , 1991)

नेपाली समाजमा नारीलाई पुनजीय अंगको रुपमा मानिन्छ, तापनि नारी वर्गको मान, मर्यादा, सम्मान, इज्जत माथि उठ्न सकेको छैन । यसको निम्ति नारीवर्ग आफ्नो खुट्टामा उभिन नसके यी मान, सम्मान र आदरका शब्दहरु उपहासमा परिणत हुन्छन् । हाम्रो समाजमा स्वयं महिलाहरुले छोरीलाई अर्काको घरमा जाने पराइ सम्झिने, दुःख मान्ने चलन एकातिर ब्याप्त छ भने अर्कोतिर स्वयं महिलाहरुले पुरुषलाई देवता सम्झिने चलन छ । यसरी नारी भएर बाँच्न र आफ्नो अस्तित्व बचाउन अनुभवी र सक्षम बन्नु पर्दछ । समाजमा हुने अन्याय अत्याचारको विरोध गर्दै आफ्ना घरको

श्रीमान, सासु ससुराको भनाइ र कुटाईबाट बच्नका लागि सीप, आत्मबल र नैतिक बलको विकास गर्नु पर्दछ । स्वयंजिवी भएर बाँच्नसके परिजीविको खाँचो पर्दैन । त्यसकारण नारी मुक्तिको आन्दोलन, नारी शिक्षा र सीपको विकास गर्न सके मात्र गाउँ, शहर र देशमा नारीको विकास भइ राष्ट्र समेत सक्षम बन्न सक्दछ (काफ्ले, २०४६) ।

**निर्णय प्रक्रियामा महिला**

निर्णय प्रक्रियामा महिलाको सहभागिताले त्यस परिवारमा महिलाको स्थान कस्तो छ भन्ने कुरा दर्शाउने हुँदा जुन परिवारमा पारिवारिक निर्णय प्रक्रियामा महिलाको सहभागिता जति बढी हुन्छ, त्यति नै राम्रो स्थान महिलाको रहेको हुन्छ । नेपाल पुरुष प्रधान देश हुनाले यहाँ निर्णय गर्ने प्रक्रियामा पुरुषको बोलवाला रहेको छ भने महिलाको निर्णय प्रक्रियामा दोश्रो स्थान रहेको पाइन्छ । घरको विषयमा निर्णायक भूमिका महिलाको निम्न स्थितिमा मात्रै रहेको हुन्छ । घरको मूली पुरुष घरमा छैन अर्थात् ऊ विदेशमा गएको छ भने महिला आफै घरको मूली भएर निर्णय गर्दछिन् । (CEDA, 1981)

स्वास्नी मान्छेहरु अशिक्षित भएका कारणले र प्रत्यक्ष आर्थिक लाभ हुने काममा संलग्न नभएका हुनाले परिवारहरुमा उनीहरुको निर्णायक भूमिका अत्यन्त न्यून छ । महिलाहरुले अनुत्पादनशील काम जस्तो घर सफा सुग्घर राख्ने, कुन बाली कहाँ लगाउने, मल कति हाल्ने जस्ता कार्यहरु बढी प्रतिशतमा गर्ने गरेका हुन्छन् भने उत्पादनशील काममा र नगद निर्णय गर्ने कार्यमा पुरुषहरुको प्रतिशत बढी हुन्छ । यसकारण आर्थिक मामिलामा महिलाको भन्दा पुरुषहरुको निर्णय प्रक्रिया बढी हुन्छ (शर्मा, २०५३) ।

समाजले स्थापना गरेको लैंगिक कार्य विभाजन र त्यसमाथिको असमान महत्वले गर्दा समाजमा लैंगिक विभेद संस्थागत भएर गएको छ । जसले गर्दा

महिलाहरुको सामाजिक अवसरहरु, राजनैतिक अधिकार र निर्णय गर्ने प्रक्रियामा समान पहुँच र नियन्त्रण हुन सकेको छैन । महिलाहरु घर बाहिर निस्कनु हुँदैन भन्ने संकीर्ण सामाजिक मान्यता, सहयोग र प्रोत्साहन गर्ने भावनाको कमी, चेतनाको कमी अर्थ शासत्रमा परिभाषित आर्थिक काममा पनि स्वास्नी मानिसहरुले प्रति दिन ४ घण्टा ३७ मिनेट र लोग्ने मानिसले ५ घण्टा ४९ मिनेट खर्च गर्ने गरेको देखिन्छ । यसरी स्वास्नी मान्छेहरुले लोग्ने मानिसहरुले भन्दा २० प्रतिशत कम समय जीविका उपार्जनका लागि खर्च गरिराखेका छन् (आचार्य, १९९४) ।

घर धन्दाभित्र विभिन्न कार्य पर्दछन् । बच्चाको पालनपोषण गर्ने, हुर्काउने, सुरक्षा गर्ने कार्यमा महिलाको उच्च सहभागिता रहेको पाइन्छ । परम्परागत संस्कृति, मूल्य, मान्यताका कुरा सिकाउने कार्य पर्दछन् । परिवारमा माया, सद्भाव, प्रेम, भावनात्मक सम्बन्धका कार्यहरु समावेश हुन्छन् । यस्ता कार्यमा पनि महिलाको उच्च सहभागिता हुन्छ । घरधन्दा अन्तर्गत पर्ने अर्को महत्वपूर्ण कार्य आर्थिक उत्पादन हो । खेतबारीमा काम गर्ने, बाली लगाउने, बाली छाटकाट गर्ने, बाली स्याहार्ने, पशुपालन गर्ने, विभिन्न खाद्यान्न तथा इन्धन संकलन गर्ने आदि कार्य आर्थिक उत्पादन सम्बन्धी कार्यमा पर्दछन् । तर समाजमा यस्ता कार्यको मूल्याङ्कन हुन सकेको छैन । घरायसी कार्यलाई कार्य नमान्ने हुँदा महिलाको आर्थिक मात्र होइन सामाजिक राजनीतिक, मानसिक संरचना र अवस्था समेत कमजोर रहेको छ । महिला प्रतिदिन १५-१६ घण्टा घरायसी काममा व्यस्त हुन्छन् । कामको हतारोले गर्दा खाना खाने, सरसफाइ गर्न, आराम गर्न भ्याउँदैनन् । तर यस्तो अवस्थामा समेत "आइमाईको कामै छैन" "श्रीमतीको केही काम छैन, श्रीमतीले केही काम गर्दिन भन्ने गरेको पाइन्छ । कृषि उत्पादन, पशुपालनलाई कामै नमान्ने आर्थिक मूल्यांकन पद्धतिले गर्दा घरधन्दा लैङ्गिक विश्लेषणको एउटा एकाइको रुपमा देखा परेको पाइन्छ ।

सन् १९९२ मा यूनिसेफले गरेको एक अध्ययन अनुसार पुरुषको भन्दा महिलाको कार्यभार २५ प्रतिशतले बढी रहेको छ । नेपालमा सन् १९७९ मा सेडाले

गरेको एक अध्ययन अनुसार ८६ प्रतिशत घरधन्दाका कार्य, ५७ प्रतिशत निर्वाहमुखी कार्य महिलाद्वारा सम्पादन हुन्छन् । सन् १९९३ को स्त्रीशक्तिको एक अध्ययन अनुसार ग्रामीण क्षेत्रका महिलाले आफ्नो ४१.५३ प्रतिशत र शहरी क्षेत्रका महिलाले ७६.४ प्रतिशत समय घरायसी कार्यमा बिताउँछन् । घरायसी कार्यमा महिला सहभागिता रहे पनि निर्णयमा महिलाको पहुँच रहन सकेको छैन । उत्पादित वस्तुको निर्णय गर्ने र प्राप्त रुपियामा नियन्त्रण गर्ने अधिकार महिलामा छैन । घरायसी कार्यमा मात्र समय बिताउँदा अन्य पक्षमा महिलाको उच्च सहभागिता छैन । वास्तवमा घरधन्दा इकाइ शक्ति सम्बन्धको एकाइ पनि बन्न पुगेको छ । पुरुष शक्तिशाली रहनाले महिला दमित अवस्थामा रहेका छन् । महिला र पुरुषको समान मान, मर्यादा, इज्जत, पहुँच, शक्ति नभएको कारण घरधन्दा लैङ्गिक विश्लेषणको इकाइ बन्न पुगेको छ ।

-अर्याल, २०६२

# अध्याय ३

# अनुसन्धान पद्धति

यस अध्ययनमा निम्न अनुसन्धान विधीहरु समावेश गरिएका छन् ।

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

मध्यमाञ्चल विकासक्षेत्रको प्रचलित जिल्ला चितवनको सदरमुकाम भरतपुरमा पर्ने बसेनी गाउँ त्यति पिछडिएको गाउँ त होइन तर पनि विभिन्न क्षेत्रमा लैङ्गिक असमानता कायमै रहेको छ । साथै यस ठाउँमा लैङ्गिक असमानता जाँच गर्ने खालका कुनै अध्ययन अनुसन्धान नभएकोले घरायसी निर्णय प्रक्रियामा महिलाको भूमिकाको अवस्था यस क्षेत्रमा कस्तो रहेको छ । भन्ने विश्लेषण गर्नको लागि यो क्षेत्र छनोट गरिएको हो ।

## ३.२ अनुसन्धानको रुपरेखा

यस अध्ययनमा व्याख्यात्मक, अन्वेषणात्मक र वर्णनात्मक पद्वतिको प्रयोग गरिएको छ । यस क्षेत्रका महिलाहरूको घरायसी निर्णयमा भूमिकाको बारेमा कसैले पनि अध्ययन नगरेको हुँदा यो अन्वेषणात्मक पद्वतिले सहयोग गर्दछ भने गुणात्मक व्याख्यात्मक पद्वतिले आर्थीक क्रियाकलाप, घरायसी क्रियाकलाप तथा कृषि सम्बन्धी क्रियाकलापमा महिलाहरुको अवस्था र भूमिकाको व्याख्या गर्न सहयोग पुऱ्याउँछ । साथै यस क्षेत्रको यथास्थितीलाई वर्णन गरिने भएकोले वर्णनात्मक पद्वति पनि अपनाइएको छ ।

## ३.३ तथ्यांकको प्रकृति र श्रोत

यस अनुसन्धानमा निर्धारित गरिएको उद्देश्यहरुको परिपुर्तिको लागि विभिन्न प्रकारका तथ्यांकहरुको संकलन गरिएको छ । विशेष गरेर यो अनुसन्धान सम्बन्धित

क्षेत्रमा बसी आफु स्वयंले संकलन गरेका प्राथमिक तथ्याकमा आधारित भए तापनि यसमा सहायक तथ्याङ्कहरुको पनि प्रयोग गरिएको छ । सहायक तथ्यांकहरुको संकलन सम्बन्धित विषयमा यसभन्दा अगाडि भएका अध्ययन अनुसन्धानबाट निकालिएका अनुसन्धान प्रतिवेदन, पुस्तक, पत्रपत्रिका, निष्कर्ष, सुझाव, लेखहरु नै मुख्य छन् । यस बाहेक सम्बन्धित निकाय आदिको तथ्यांकलाई समेत यस अध्ययनको सहायक तथ्यांकको रुपमा प्रयोग गरिएको छ ।

## ३.४ नमूना छनोट विधि

यस अध्ययनमा नमूना छनोटको लागि Simple random sampling विधिको प्रयोग गरिएको छ । सम्पूर्ण वार्डको २३२६ घरधुरीको प्रत्यक्ष रुपमा सर्वेक्षण गर्न कठिन भएको कारणले यस अध्ययनको लागि त्यस क्षेत्रका ५० वटा घरधुरीलाई छानी प्रत्येक घरका एक महिलालाई उत्तरदाताको रुपमा लिई जानकारी संकलन गरिएको छ । उत्तरदाताहरुमध्ये केही घरमुली छन् भने धेरैजसो घरमूली छैनन् ।

## ३.५ तथ्यांक संकलन विधि

यस अनुसन्धानको विषयलाई तथ्यपूर्ण र अर्थपूर्ण बनाउनका लागि विभिन्न तरिकाहरु अपनाइएको छ । गुणात्मक तथ्यांकहरुको सहायताबाट नै अनुसन्धान उपलब्धीमूलक हुन सक्ने हुँदा यस शोधपत्रमा तथ्यांक संकलन गर्नका लागि प्राथमिक र द्वितीय श्रोतलाई समावेश गरिएको छ । अवलोकन, अन्तर्वार्ता र मुख्य सूचनाकर्ता (key informant) को मद्दतबाट प्राथमिक तथ्यांक संकलन गरिएको छ भने यस विषयसँग सम्बन्धित सामग्री ग्रन्थहरु पत्रपत्रिका, अभिलेख, पुराना शोधग्रन्थहरु प्रतिवेदन आदिको मद्दतबाट द्वितीय तथ्यांक संकलन गरिएको छ ।

### ३.५.१ अवलोकन

वस्तुगत अध्ययनमा यस क्षेत्रका महिलाहरुको पहिरन, खानपान, भेषभुषा, पेशा, शैक्षिक स्थिति, पारिवारिक गतिविधि, कृषि, पशुपालन, व्यवसायको स्थिति आदिको बारेमा बुझ्नको लागि सामान्य अवलोकन विधिको प्रयोग गरिएको छ ।

### ३.५.२ अन्तर्वार्ता

अवलोकन गरिसकेपछि विस्तृत कुराहरको बारेमा जानकारी लिन त्यस क्षेत्रमा प्रत्यक्ष रुपमा अन्तर्वार्ता विधि अपनाइएको छ । जसमा त्यहाँका ५० जना विवाहित महिलाहरुसँग अन्तर्वार्ता लिइएको छ । जसबाट त्यस क्षेत्रको बारेमा विस्तृत रुपमा जानकारी प्राप्त गर्न मद्दत पुग्ने देखिन्छ ।

### ३.५.३ मुख्य सुचनाकर्ता

अवलोकन, अन्तर्वार्ता, घरधुरी सर्वेक्षण गरिसकेपछि त्यससँग सम्बन्धित अन्य विषयवस्तुको जानकारीको लागि मुख्य सूचनादाताको रुपमा महिला प्रतिनिधि, राजनीतिज्ञ र प्रायः पाका उमेरका महिला, पुरुष र त्यस समाज वा समुदायका प्रमुख सामाजिक कार्यकर्ताबाट पनि महत्वपूर्ण सूचनाहरु प्राप्त गर्ने प्रयास गरिएको छ ।

## ३.६ तथ्यांकको प्रस्तुतीकरण एवं विश्लेषण

उपयुक्त तथ्यांक संकलन गरी त्यसलाई Statistical Techique द्वारा Frequency, प्रतिशत, औसतको प्रयोग गरिएको छ जसलाई तालिकाबद्ध गरी व्याख्या र विश्लेषण गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको सामान्य जानकारी

## ४.१ भौगोलिक अवस्था

चितवन मध्यमाञ्चलको नारायणी अञ्चलका विभिन्न जिल्ला मध्ये एक प्रमुख जिल्ला हो । यो जिल्लालाई पूर्वमा मकवानपुर र पर्सा, पश्चिममा नवलपरासी र तनहुँ, उत्तरमा गोरखा र धादिङ र दक्षिणमा भारतको विहार र उत्तर प्रदेशले घेरेको छ । यो जिल्ला २२१८ वर्ग किलोमिटर क्षेत्रफलमा अवस्थित रहेको छ । यसका औसत लम्बाई पूर्व-पश्चिम ८८ कि.मी. छ भने उत्तर-दक्षिण ५० कि.मी. रहेको छ । त्यस्तै यस जिल्लाको उचाई १४१ देखि १९४५ मी. सम्म रहेको छ । चितवन जिल्लामा शाही चितवन राष्ट्रिय निकुञ्ज रहेको छ । जसको क्षेत्रफल ९३२ कि.मी. छ ।

चितवन जिल्लाको नामाकरणको सम्बन्धमा विभिन्न भनाइहरु छन् । इतिहासमा उल्लेख भए अनुसार पौराणिक कालमा स्कन्दपुराणको हिमवत् खण्डमा चित्रवन शब्दको प्रयोग गरेको पाइन्छ । यसै शब्दलाई चितापावनको नामाकरण भएको हुन सक्दछ । चितापावन भन्दाभन्दै चितवन हुन गएको भन्ने पनि अनुमान गरिएको छ । चित्रसेनको नामबाट यस स्थानको नाम चितवन भएको कुरा चितवन जिल्लाका आदिबासी भनिने थारु जातिका गुरौहरु बताउँछन् । चित्रसेन नामक राजाबाट चित्रसारी हुँदै अन्त्यमा चितवन नाम रह्यो भन्ने धारणा छ । त्यस्तै प्राचीन समयमा यस स्थानमा घना जंगल भएको र यहाँ प्रशस्त चितुवा पाईने हुनाले यस ठाउँको नाम चितुवा वनबाट चितवन नामाकरण भएको हुन सक्दछ भन्ने धारणा पनि पाइन्छ ।

चितवन जिल्लाका ३६ वटा गा.वि.स. र २ वटा नगरपालिकाहरु मध्ये भरतपुर नगरपालिका पनि एउटा हो र चितवन जिल्लाको सदरमुकाम पनि भरतपुर नै हो । भरतपुर नगरपालिकाको मुख्य वस्तीहरुमा कृष्णपुर, गौरीगञ्ज, भोजाड, तोरीखेत, लंकु, यज्ञपुरी आदि प्रमुख छन् । यहाँको सामाजिक बनोट विभिन्न जातजातिहरुबाट मिलेर

बनेको पाइन्छ । ती जातहरुमा ब्राह्मण, क्षेत्री, मगर, गुरुङ्ग, तामाङ्ग, नेवार, दमाई, कामी, थारु, कुम्हाल आदि छन् ।

## ४.२ हावापानी

चितवन जिल्लामा अधिकतम तापक्रम बैशाख, जेठतिर ३५.६० डिग्री र न्यूनतम तापक्रम पुष माघतिर ५.७ डिग्री सेल्सियस सम्म भएको पाइन्छ । गर्मीमा धेरै गर्मी र जाडोमा पनि धेरै जाडो हुने गर्दछ । २०६१ सालको तथ्यांक अनुसार असार महिनामा अधिकतम वर्षा ५८५.० से.मी. भयो भने कार्तिक र पौष महिनामा वर्षा नै नभएको जनाएको छ (श्रोतः भरतपुर नगरपालिका) ।

## ४.३ ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थलहरु

चितवन जिल्लामा विभिन्न प्रचलित तथा महत्वपूर्ण ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरु पनि रहेका छन् । जसमध्ये देवघाट, बागेश्वरी, शिवघाट, त्रिवेणी, बाल्मिकी आश्रम, गोधक मेलास्थल, पाँच पाण्डव परशुरामकुण्ड, सोमेश्वरकालिका, बिक्रमबाबा, चित्रसारी, जुटपानी कालिका, गेरबास, उपर्दाङ्गढी, शाही चितवन राष्ट्रिय निकुन्ज, मनकामना दर्शन प्रा.लि., कबिलास गढी, कंकाली सामुदायिक वन, सिगरचुली, सतनचुली, चमेरेगुफा, सीतामाई देवालय, सौराहा, बराह क्षेत्र, चिसापानी टार आदि प्रमुख छन् (श्रोतः बुद्ध कल्याण सेवा संघको स्मारिका) ।

## ४.४ वनजंगल

चितवन जिल्लाको धेरैजसो भूभाग वनजंगलले ओगटेको छ । जसमध्ये सबैभन्दा ठूलो भाग संरक्षित वनले ओगटेको छ । त्यस्तै सामुदायिक वनको अवधारणा विकसित हुँदै गएकोले सामुदायिक वन (हस्तान्तरण भएको क्षेत्र) को मात्रा पनि धेरै रहेको छ । चितवन जिल्ला अन्तर्गत रहेका वनजंगलहरुलाई निम्नानुसार नामाकरण गरी वर्गीकरण गरिएको छ । जसमध्ये उत्पादनशील वन, सामुदायिक वन, सम्भाव्य

सामुदायिक वन क्षेत्र, कबुलियत वन, सम्भाव्य कबुलियत वन क्षेत्र, संरक्षित वन, जि.वि.का. अन्तर्गतको वन क्षेत्र । यस्तै गरी भरतपुर नगरपालिका अन्तर्गत पर्ने बसेनीमा पनि सामुदायिक वन रहेको छ र गाउँकै व्यक्तिहरको सक्रियतामा वन समिति गठन गरी वनको सम्बर्द्धन र संरक्षण गर्ने कार्य गरिरहेको छ । (श्रोतः जिल्ला वन कार्यालय, चितवन)

## ४.५ नदी तथा ताल

चितवन जिल्ला अन्तर्गतका पहिलो स्तरका नदिमा नारायणी र अन्य जलाधार क्षेत्रहरुमा राप्ती, लोथर, कायर खोला, रिग्दी, रिउ, खगेरी, ढुङ्ग्रेखोला, बुढीराप्ती, पंचनदी, पम्पाखोला, धाङ्गखोला आदि पर्दछन् । नारायणी खोला भरतपुर नगरपालिका भएर पनि बगेको छ र यो नदी नवलपरासी, तनहुँ, राप्ती र चितवन जिल्लाको सिमानाको रुपमा पनि रहेको छ । त्यस्तै यस जिल्लाका प्रमुख ताल तथा कुण्डहरुमा सत्रहजार ताल, बीसहजारी ताल, सत्ताईसहजार ताल, अट्ठाईसहजार ताल, मुण्डा ताल, देवीताल, लामीताल, अन्जुराताल, मन्जुराताल, गडुवाताल, तमौरघैलाताल, कसराताल, नन्दभाउजुताल, अन्जनाताल, परशुरामकुण्ड, बैकुण्ठताल आदि ।

## ४.६ जनसंख्या

चितवन जिल्ला भरतपुर नगरपालिकामा जम्मा घरधुरी संख्या १९९९२ रहेको छ । जसमा कुल जनसंख्या ८९३२३ रहेको छ । जस अन्तर्गत महिलाहरुको संख्या ४३४६५ र पुरुषहरुको संख्या ४५८५८ रहेको छ । त्यस्तै अध्ययन क्षेत्र भरतपुर ११ को कुल घरधुरी संख्या २३२६ रहेको छ, जसमा कुल जनसंख्या १०७४० छ । जसमध्ये ५४७५ जना पुरुषको संख्या छ भने ५२६५ महिलाको संख्या छ । जसमा विभिन्न जातजातीहरु जस्तैः ब्राह्मण, क्षेत्री, नेवार, गुरुङ्ग, तामाङ्ग, मगर, कामी, दमाई, सार्की आदि विभिन्न जातजातिहरुको मिश्रित बसोबास रहेको छ । चितवन जिल्लाको आदिवासीको रुपमा थारुलाई लिइन्छ । विभिन्न जातजातीहरुको बसोबास भएकोले

आ-आफ्नो जातीय समूहभित्र आफ्नै मातृभाषा बोले पनि समग्रमा सामान्य बोलचालको भाषामा राष्ट्रिय भाषा 'नेपाली' नै बोल्ने गरेको पाइन्छ (श्रोत: शाखा तथ्यांक कार्यालय, चितवन)

## ४.७ शैक्षिक अवस्था

सामाजिक विकास तथा परिवर्तनको लागि नभै नहुने प्रमुख आधार शिक्षा नै हो । अन्य क्षेत्रमा जस्तै शिक्षा क्षेत्रमा पनि छोरा र छोरीमा सामान्य भेद जस्तै छोरालाई बोर्डिङ्ग स्कुलमा पढाउने छोरालाई सरकारी स्कुलमा पढाउने जस्ता भिन्नताहर न्युन मात्रामा भए पनि यस अध्ययन क्षेत्रमा पनि देख्न सकिन्छ । तर पनि यस गाउँको शैक्षिक स्थिति अन्य ठूला-ठूला शहरहरु भन्दा कमजोर देखिए पनि आफूले नपढेर दुःख पाएको हुँदा अहिले आएर आफ्ना छोराछोरी पढ्न नपठाएका बाबु आमाहरु भेटिन भने मुश्किलै छ । चितवन जिल्लाको कुल साक्षरता दर ७१.१० प्रतिशत रहेकोमा पुरुष साक्षरता दर ७९.३१ प्रतिशत र महिला साक्षरता दर ६३.० प्रतिशत रहेको छ । त्यस्तै भरतपुर नगरपालिकाको कुल साक्षरता संख्या ६०८९७ रहेको छ ।

चितवन जिल्लामा कुल विद्यालय संख्या ७०० छ । त्यस्तै जिल्लाभरी नै उच्च मा.वि. समेत गरेर जम्मा क्याम्पसहरुको संख्या २५ छ । जसमध्ये भरतपुर नगरपालिकामा मात्र १० वटा क्याम्पसहरु रहेका छन् ।

## ४.८ स्वास्थ्य सेवा

स्वास्थ्य क्षेत्रमा यस क्षेत्रका मान्छेहरु चेतनशील नै भएको पाइयो । अर्थात् बिरामी पर्दा डाक्टर कहाँ नै जचाउन जाने प्रचलन रहेको पाइयो । त्यस्तै परिवार नियोजन सम्बन्धी जानकारी पनि प्रायः धेरैजसोमा रहेको पाइयो । यस क्षेत्रमा अस्पतालहरुको सुविधा रहेको छ । चितवन जिल्लाको भरतपुर नगरपालिका भित्र नै उपक्षेत्रीय जिल्ला अस्पताल, विभिन्न नर्सिङ होमहरु, आँखा अस्पताल, एच.ए. क्याम्पस,

मेडिकल कलेज, स्टाफ नर्स कलेज, क्यान्सर हस्पिटल, नेपाल रेडक्रस सोसाइटी, आयुर्वेद औषधालयहरु आदि स्वास्थ्य केन्द्रहरु रहेका छन् ।

## ४.९ संचार तथा यातायात, खानेपानी, बिजुली

चितवन जिल्ला अन्तर्गत रहेका २ वटा नगरपालिका र ३६ वटा गा.वि.स. हरु मध्ये ४ वटा गा.वि.स. बाहेक अन्य सबै नगरपालिका र गा.वि.स. हरुमा सडक यातायातको पहुँच पुगेको छ । यस जिल्लाभित्र २ वटा विमानस्थल रहेकोमा भरतपुर विमानस्थल, भरतपुरमा उडड्यन कायम छ भने मेघौली विमानस्थल, मेघौली मा भने नियमित उड्डयन संचालन छैन । जसमा पनि यस अध्ययन क्षेत्र भरतपुर - ११, बसेनीमा विभिन्न पक्की तथा कच्ची सडकहरुको साथसाथै विभिन्न यातायातका साधनहरको पनि उपलब्धता छ ।

संचार क्षेत्रको कुरा गर्नुपर्दा यस क्षेत्रमा राम्रै पहुँच पुगेको देख्न सकिन्छ । टेलिफोन, प्रिपेड मोबाइल, पोष्टपेड मोबाइल आदि जस्ता संचार माध्यमहरुको उपलब्धता छ र त्यस्तै गरी जिल्ला हुलाक कार्यालय १, इलाका हुलाक कार्यालय १३ र आतिरिक्त हुलाक कार्यालय २५ गरी जिल्लाभरी नै जम्मा ३९ वटा हुलाक कार्यालयहरु रहेका छन् (श्रोतः जिल्ला हुलाक कार्यालय) खानेपानी अन्तर्गत चितवन जिल्ला भरी १२५ वटा खानेपानी आयोजना रहेका छन् । २ वटै नगरपालिका र २८ वटा गा.वि.स. मा पिउने पानी सुविधा छ । त्यस्तै कुल १८५९८८ जनसंख्या पिउने पानीबाट लाभान्वित भएका छन् । यस क्षेत्रमा आयोजनाले वितरण गरेको पानीबाट लाभान्वित भए वा नभए पनि निजी इनार तथा धाराहरुबाट पनि सुलभ तरिकाले नै स्वच्छ पिउने पानीको उपलब्ध हुन्छ ।

चितवन जिल्लामा आफ्नै विद्युत उत्पादन छैन, विद्युत ग्रीडबाट लिने गरेको छ । यस जिल्लाभरी विद्युत लाभान्वित कुल जनसंख्या ३,१३,४४८ छन् । अनुसन्धान क्षेत्र भरतपुर ११, बसेनीमा विद्युत लाइनको सुविधा छ तर लोड सेडिङ्गको समस्याले

पीडित बनाएको र साथै अन्य समयमा पनि बत्ती काटिरहने समस्या पनि रहेको पाइन्छ ।

## ४.१० पेशा व्यवसाय

जब काम हुँदैन तब मामको पनि आस रहँदैन भन्ने उखान रहेकोले नै होला मानिसले जीवनभर केही न केही काम गरिरहेकै हुन्छ । भरतपुर-११, बसेनीका मानिसहरुको मुख्य पेशा कृषि र जागीर रहेको छ । त्यस्तै यहाँका मानिसहरु कोही व्यापार व्यवसायमा पनि संलग्न रहेका छन् । खेतीपाती र पशुपालन गर्ने मानिसको संख्या पनि अधिकतम नै रहेको छ । त्यस्तै ठूला साहुहरुको अँधीमा खेती गरी, दैनिक ज्यालादार गरी गुजारा चलाउनेहरु पनि रहेका छन् ।

## ४.११ धर्म र संस्कृति

नेपाल एक बहुजातिय, बहुभाषिक र धार्मिक सहिष्णुता भएको एउटा सुन्दर मुलुक भएको हुनाले यहाँ प्राचीन कालदेखि नै विभिन्न जनजातीहरुको आफ्नै धर्म, रिति-रिवाज, भेषभूषा, पेशा, मुल्य र मान्यताहरु रही आएको पाइन्छ । एशियाको जम्मा ०.३ प्रतिशत मात्र भूभाग ओगटेको नेपाल सानो मुलुक भएर पनि विभिन्न भाषाभाषी र जनजातीहरुको सङ्गम स्थलको रुपमा रही विभिन्न चाडपर्व, संस्कार, जात्रा, धर्म, परम्परा, प्रथा, मनाउँदै मनोरञ्जन पारिवारिक वातावरण, देवी-देवताको पूजा-आराधना, भजन-कीर्तन, भोज-भतेर हुँदै आइरहेका छन् । नेपालमा जनजातिहरुले प्रकृतिका विभिन्न अङ्ग-उपाङ्गहरको पूजा गर्नुको साथै आफ्नो-आफ्नो जाती अनुसार जन्मदेखि मृत्युसम्म विभिन्न संस्कारहरु मनाउँदै आएका छन् । यही सन्दर्भमा भरतपुर-११, बसेनीका बासिन्दाहरुले पनि आफ्नो जातिय चलन अनुसार यहाँ दशैं, तिहार, होली, माघेसंक्रान्ति, ल्होसार, जनैपूर्णिमा, महाशिवरात्री, रामनवमी, तीज, ऋषिपञ्चमी आदि चाडपर्वहरु मनाउँछन् ।

अध्याय-पाँच

# तथ्यांक विश्लेषण

## ५.१ उत्तरदाताको सामान्य जानकारी

यस अन्तर्गत उत्तरदाता र उत्तरदाताको अन्य परिवारहरुको शिक्षा, जाती, उमेर, वैवाहिक स्थिती, पेसा, आदिको सम्बन्धित अध्ययन क्षेत्रबाट प्राप्त जानकारीको आधारमा तालीका बनाई विश्लेषण गरिएको छ ।

### ५.१.१ उत्तरदाताको उमेर

प्रस्तुत तालिकामा उत्तरदाताहरुको उमेर समूहलाई १०-२०, २०-३०, ३०-४०, ४०-५०, ५०-६० र ६० भन्दा माथि आदि विभिन्न समूहमा वर्गीकरण गारिएको छ ।

**तालिका नं. १: उत्तरदाताको उमेर विश्लेषण**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| २०-३० | ८ | १६ |
| ३०-४० | १५ | ३० |
| ४०-५० | १७ | ३४ |
| ५०-६० | ८ | १६ |
| ६० | २ | ४ |
| **जम्मा** | **५०** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिकाबाट के देखिन्छ भने ४०-५० वर्ष उमेर समूहमा सबैभन्दा बढी उत्तरदाता अर्थात १७ जना (३४%) रहेका छन् र त्यस्तै अन्य उमेर समूहहरु २०-३०, ३०-४०, ५०-६० र ६० भन्दा माथिमा ,क्रमशः ८, १५, ८ र २ जना उत्तरदाताहरु पाइयो ।

## ५.१.२ उत्तरदाताको जातीयता

अध्ययन क्षेत्रमा जानकारी लिने क्रममा विभिन्न जात-जातीहरुको मिश्रण रहेको पाइयो । प्रस्तुत तालीकाले उत्तरदाताहरुको जातीयतालाई प्रष्ट पार्न सक्दछ ।

**तालिका नं. २- उत्तरदाताको जातिगत विश्लेषण**

| जातीयता | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राम्हण | २८ | ५६ |
| क्षेत्री | ७ | १४ |
| गुरुङ्ग | ६ | १२ |
| तामाङ्ग | ५ | १० |
| नेवार | २ | ४ |
| मगर | १ | २ |
| राई | १ | २ |
| **जम्मा** | **५०** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिका अनुसार सबै भन्दा बढी जाति ब्राम्हण २८ जना (५६%), सबैभन्दा कम जाति मगर र राई क्रमशः १-१ (२%) रहेको कुरा अध्ययन क्षेत्र सर्वेक्षणले देखाएको छ भने त्यसै गरी ब्राम्हण पछी क्षेत्री, गुरुङ्ग, तामाङ्ग र नेवारको संख्या क्रमशः ७, ६, ५, र २ रहेको पाइन्छ ।

## ५.१.३ उत्तरदाताको शैक्षिक गतिविथी

सर्वेक्षण क्षेत्रमा महिलाको शैक्षिक अवस्था विभिन्न प्रकारको देखिएको छ ।

**तालिका नं. ३: उत्तरदाताको शैक्षिक विश्लेषण**

| **शैक्षिक अवस्था** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| अशिक्षित | १२ | २४ |
| साधारण लेखपढ | ८ | १६ |
| एस.एल.सी. भन्दा तल | ११ | २२ |
| एस.एल.सी. | ९ | १८ |
| एस.एल.सी. भन्दा माथि | १० | २० |
| **जम्मा** | **५०** | **१००** |

श्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०६५

महिलाको जम्मा संख्या ५० जना मध्ये अशिक्षित १२ जना (२४%), साधारण लेखपढमा ८ जना (१६%), एस.एल.सी. भन्दा मुनि पढेकाहरुको संख्या ११ जना (२२%), रहेको छ भने एस.एल.सी. सम्म पास गर्ने महिलाहरुकोसंख्या ९ जना (१८%) रहेको छ । त्यस्तै एस.एल.सी. भन्दा माथि  पढेका महिलाहरुको संख्या १० जना (२०%) रहेको छ, जस अन्तर्गत प्रवीणता र स्नातक गर्नेहरु रहेका छन् । शिक्षित मध्ये सबैभन्दा बढी एस.एल.सी. मुनि ११जना (२२%) छन् भने, सबैभन्दा कम साधारण लेखपढ गर्नेहरु ८ जना (१६%) भएको पाइयो ।

## ५.१.४ उत्तरदाताको जातिय आधारमा शैक्षिक स्तर विश्लेषण

महिलाको शिक्षालाई जातीय आधारमा निम्न प्रकारले विश्लेषण गरिएको छ ।

**तालिका नं. ४: उत्तरदाताको जातिय आधारमा शैक्षिक स्तर विश्लेषण**

| जाति | अशिक्षित | | शिक्षित | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | साधारण लेखपढ | | एस.एल.सी. भन्दा तल | | एस.एल.सी. | | एस.एल.सी. भन्दा माथि | | कुल | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ब्राम्हण | ४ | १४.२८ | ४ | १४.२८ | ७ | २५ | ६ | २४.४२ | ७ | २५ | २८ | १०० |
| क्षेत्री | २ | २८.५६ | १ | १४.२८ | २ | २८.५६ | १ | १४.२८ | १ | १४.२८ | ७ | १०० |
| गुरुङ्ग | २ | ३३.३३ | १ | १६.६६ | १ | १६.६६ | १ | १६.६६ | १ | १६.६६ | ६ | १०० |
| तामाङ्ग | ३ | ६०.०० | - | - | १ | २० | १ | २० | - | - | ५ | १०० |
| नेवार | १ | ५०.०० | - | - | - | - | - | - | १ | ५० | २ | १०० |
| मगर | - | - | १ | १०० | - | - | - | - | - | - | १ | १०० |
| राई | - | - | १ | १०० | - | - | - | - | - | - | १ | १०० |
| **जम्मा** | **१२** | **२४** | **८** | **१६** | **११** | **२२** | **९** | **१८** | **१०** | **२०** | **५०** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५

माथिको तालिकाबाट जातिय आधारमा महिलाहरुको शैक्षिक स्थितिलाई लिई हेर्दा मगर र राई क्रमशः १-१ जना सँग लिइएको अन्तरवार्तामा दुवै जना साधारण लेखपढ गर्न सक्ने पाइयो भने त्यसपछि क्रमशः ब्राम्हण, क्षेत्री, गुरुङ्ग, तामाङ्ग र नेवार ४, २, २, ३ र १ जना अशिक्षित रहेको पाइयो । अर्थात ब्राम्हण जाति सबै भन्दा बढी शिक्षित रहेको पाइयो । शिक्षाको हिसावले जन जातीहरु निकै पछि रहेको देखिन्छ ।

## ५.१.५ वैवाहिक स्थिती

यो अध्ययन सबै विवाहित महिलाहरुलाई नै केन्द्रित गरी गरिएको हो । अविवाहित महिलाहरुको तुलानामा विवाहित महिलाहरुको घरायसी कामकाज र निर्णय प्रक्रियामा बढी जिम्मेवारी रहने भएकोले यो अध्ययन पनि विवाहित महिलाहरुमा केन्द्रित गरिएको हो ।

**तालिका नं. ५: उत्तरदाताहरुको वैवाहिक स्थिति अनुसार वर्गीकरण**

| **वैवाहिक स्थिति** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| विवाहित | ४३ | ८६ |
| बिधुवा | ५ | १० |
| पारपाचुके | २ | ४ |
| **जम्मा** | **५०** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५

माथिको तालिकाबाट उत्तरदाताहरुको वैवाहिक स्थितिलाई हेर्दा अधिकांश महिलाहरु विवाहित अर्थात श्रीमान श्रीमती नै रहेको अवस्थामा ४३ जना (८६%) पाइयो । त्यस्तै विधवा र पारपाचुके भएका महिलाहरुको संख्या क्रमशः ५(१०%) र २( ४%) रहेको छ ।

## ५.१.६ समग्र जनसंख्याको उमेर अनुसार लैङ्गिक विश्लेषण

प्रस्तुत तालिकामा अध्ययन क्षेत्रका उत्तरदाता लगायत उत्तरदाताका सम्पूर्ण परिवारको अर्थात छनौटमा परेका घरधूरीहरुको समग्र जनसंख्याको उमेर र लैङ्गिक स्थितीको तुलनात्मक विश्लेषण गरिएको छ ।

**तालिका नं. ६: छानिएका घरधुरीको समग्र जनसंख्याको लैङ्गिक र उमेर विश्लेषण**

| उमेर समूह | लिङ्ग | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | पुरुष | प्रतिशत | महिला | प्रतिशत | | |
| ०-१० | ११ | ९.७ | ७ | ५.७ | १८ | ७.६ |
| १०-२० | २० | १७.७ | ३४ | २७.९ | ५४ | २३.० |
| २०-३० | ३० | २६.५ | १९ | १५.६ | ४९ | २०.८ |
| ३०-४० | १९ | १६.८ | १९ | १५.६ | ३८ | १६.२ |
| ४०-५० | १७ | १५.० | १८ | १४.७ | ३५ | १४.९ |
| ५०-६० | ६ | ५.३ | १३ | १०.६ | १९ | ८.१ |
| ६०+ | १० | ८.८ | १२ | ९.८ | २२ | ९.४ |
| **जम्मा** | **११३** | **१००** | **१२२** | **१००** | **२३५** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिका अनुसार हेर्दा अध्ययन क्षेत्र अर्थात् छनोटमा परेका घरधुरीमा जम्मा जनसंख्या २३५ जना छ । जसमध्ये पुरुषको संख्या ११३ र महिलाको संख्या १२२ रहेको छ । पुरुषहरु २०-३० वर्षको उमर समूहमा सबैभन्दा बढी ३० जना (२६.५%) र सबैभन्दा कम ५०-६० वर्षको उमेर समूहमा ६ जना (५.३%) छन् । त्यस्तै गरी महिलाहरु १०-२० वर्षको उमेर समूहमा सबैभन्दा बढी ३४ जना (२७.९%) र सबैभन्दा कम ०-१० वर्षको उमेर समूहमा ७ जना (५.७%) छन् । यस प्रकार कुल जनसंख्यामा तुलनात्मक रुपमा पुरुषको भन्दा महिलाको संख्या बढी रहेको छ ।

## ५.१.७ समग्र जनसंख्याको लिङ्ग अनुसार शैक्षिक विश्लेषण

प्रस्तुत तालिकामा अध्ययन क्षेत्रका उत्तरदाता लगायत उत्तरदाताका सम्पूर्ण परिवारको अर्थात छनौटमा परेका घरधुरीहरुको समग्र जनसंख्याको लिङ्ग अनुसार शैक्षिक विश्लेषण गरिएको छ ।

**तालिका नं. ७: छानिएका घरधुरीको समग्र जनसंख्याको लिङ्ग अनुसार शैक्षिक विश्लेषण** (**६ वर्ष भन्दा माथि**)

| **शैक्षिक अवस्था** | **लिङ्ग** | | | | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|
| | **पुरुष** | **प्रतिशत** | **महिला** | **प्रतिशत** | | |
| अशिक्षित | २ | १.९ | २६ | २२.४ | २८ | १२.६ |
| साधारण लेखपढ | ७ | ६.६ | १० | ८.६ | १७ | ७.६ |
| एस.एल.सी.भन्दा तल | ३८ | ३५.८ | ३७ | ३१.९ | ७५ | ३३.८ |
| एस.एल.सी. | १४ | २३.२ | ९ | ७.७ | २३ | १०.४ |
| एस.एल.सी.भन्दा माथि | ४५ | ४२.४ | ३४ | २९.३ | ७९ | ३५.६ |
| **जम्मा** | **१०६** | **१००** | **११६** | **१००** | **२२२** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५

माथिको तालिका अनुसार अशिक्षित पुरुषहरुको संख्या जम्मा २ छ भने अशिक्षित महिलाहरुको संख्या २६ छ, साधारण लेखपढ गर्नेहरु पुरुषहरु भन्दा महिलाहरु धेरै छन् भने एस.एल.सी. भन्दा कम पढ्ने महिला तथा पुरुषहरुको संख्या बराबर जस्तै रहेको छ । त्यसैगरी एस.एल.सी. र सो भन्दा माथि प्रमाणपत्र, स्नातकोत्तर सम्म पढ्ने पुरुषहरुको संख्या तुलनात्मक रुपमा महिलाको भन्दा धेरै छ ।

## ५.२ आर्थिक विश्लेषण

महिलाहरुको आर्थीक क्रियाकलापमा ठूलो भूमिका छ । सामान्यतः महिलाहरुले गर्दै आएको घर तथा खेतबारीको काम राष्ट्रिय आयमा समावेश हुन सकेको छैन । सम्पत्ति सम्बन्धी भेदभावपूर्ण कानुनको फलस्वरुप आर्थीक साधन-श्रोतमा महिलाको पहुँच र नियन्त्रण कम छ । महिला तथा पुरुषबीचको औसत आम्दानीको अनुपात १ : ० : ३६९ रहेको छ । महिलालाई लक्षित गरी ल्याइएको साना लघु ऋण कार्यक्रमले अपेक्षा अनुरुप गरिबी निवारणमा प्रभाव पार्न सकेको छैन । (दशौयौजना, पृ.४४२)

यस अन्तर्गत उत्तरदाताको पेशा, छनौटमा परेका घरधुरीका सम्पूर्ण जनसंख्याको पेशा, आम्दानीको मात्रा, उत्तरदाताको निजी सम्पति वा पेवा, घरायसी आम्दानीको राखनधरन र परिचालन, आर्थीक लेनदेन, घरायसी सरसामानहरुको किनमेल, घरभित्र बाहेक बाहिर हुने खर्च, पशुपालन तथा खेतीपातीमा हुने आर्थीक कारोबार आदि सम्बन्धी विश्लेषण गरिएको छ ।

## ५.२.१ उत्तरदाताको पेशागत आधारमा विश्लेषण

यस अध्ययन क्षेत्रमा उत्तरदाताहरु विभिन्न पेशामा आवद्ध छन् जसलाई तलको तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका नं. ८: उत्तरदाताको पेशागत विश्लेषण**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १५ | ३० |
| व्यवसाय | १६ | ३२ |
| पेसा (जागीर) | १२ | २४ |
| ज्यालादारी | ७ | १४ |
| **जम्मा** | **५०** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिकाबाट कृषिमा मात्र संलग्न उत्तरदाता अर्थात महिलाहरुको संख्या १५ (३०%) रहेको छ । त्यसैगरी व्यवसाय, पेशा तथा ज्यालादारी गरी आर्थिक कारोवार सञ्चालन गर्नेहरुको संख्या क्रमशः १६ (३२%), १२ (२४%) र ७ (१४%) रहेको छ । व्यवसाय गर्ने महिलाहरुमा ३ जना सिलाई कटाई गर्ने र २ जना रक्सी बनाइ बेच्ने पर्दछन् । दैनिक ज्यालादारी गर्नेहरुमा ३ जनाले घरायसी कामदारको रुपमा अर्काको घरमा काम गर्नेहरु छन् भने अन्यमा मेला जाने, दाउरा ल्याई बेच्नेहरु पर्दछन् । यी

उत्तरदाताहरु मध्ये कोही शिक्षक पेशामा संलग्न छन् भने कोही नर्स पेसामा संलग्न छन् ।

### ५.२.२ समग्र जनसंख्याको लिङ्ग अनुसार पेशागत विश्लेषण

यस अन्तर्गत उत्तरदाता लगायत छनोटमा परेका सम्पूर्ण घरधुरीको समग्र जनसंख्याको पेशागत विश्लेषण गरिएको छ ।

**तालिका नं. ९: छनोटमा परेका घरधुरीको समग्र जनसंख्याको लैङ्गिक पेशागत विश्लेषण (६ वर्ष भन्दा माथि)**

| पेशागत अवस्था | लिङ्ग | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | पुरुष | प्रतिशत | महिला | प्रतिशत | | |
| कृषि | १५ | १४.१५ | ३१ | २६.७२ | ४६ | २०.७२ |
| विद्यार्थी | ३४ | ३२.०७ | ३३ | २८.४५ | ६७ | ३०.१८ |
| पेसा | ३५ | ३३.०१ | २० | १७.२४ | ५५ | २४.७७ |
| व्यवसाय | १६ | १५.०९ | २० | १७.२४ | ३६ | १६.२२ |
| ज्यालादारी | ६ | ५.६६ | १२ | १०.३४ | १८ | ८.१० |
| **जम्मा** | **१०६** | **१००** | **११६** | **१००** | **२२२** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिका सर्वेक्षणको लागि छनोटमा परेका घरधुरीहरुको समग्र जनसंख्याको पेशागत विश्लेषणमा आधारित छ । समग्र महिला संख्या ११६ मध्ये सबैभन्दा बढी संलग्नता विद्यार्थी रहेको पाइयो जसको संख्या ३३ जना (२८.४५%) रहेको छ । त्यसपछि कृषि पेसामा महिला संलग्नता ३१ जना (२६.७२%) रहेको छ । पेसा (जागीर) मा, व्यवसाय र ज्यालादारीमा क्रमशः २० जना (१७.२४%), २० जना (१७.२४%) र १२ जना (१०.३४%) महिलाहरुको संलग्नता रहेको छ । त्यसैगरी समग्र पुरुष संख्या १०६ जना मध्ये पेसामा पुरुषहरुको बढी संलनता रहेको देखिन्छ जसको

संख्या ३५ जना (३३.०१%) रहेको छ भने विद्यार्थीहरुको संख्या पनि ३४ जना (३२.०७%) रहेको छ । विद्यार्थी र अन्य जागीर पेसामा लाग्ने पुरुषहरुको संख्या लगभग बराबर जस्तै रहेको छ । त्यसपछि कृषि, व्यवसाय र ज्यालादारीमा लाग्ने पुरुषहरुको संख्या क्रमशः १५ जना (१४.१५%), १६ जना (१५.०९%) र ६ जना (५.६६%) रहेको छ । यसरी महिला र पुरुषको पेसागत विश्लेषणलाई तुलनात्मक रुपमा हेर्ने हो भने कृषिमा पुरुषभन्दा महिलाहरु नै बढी संलग्न रहेको पाइयो र विद्यार्थी, पेसा जस्ता क्षेत्रमा तुलनात्मक रुपमा महिलाहरु भन्दा पुरुषहरु नै बढी संलग्न रहेको पाइयो ।

### ५.२.३ उत्तरदाताको आय विश्लेषण

उत्तरदाताको आयलाई चार भागमा राखी तलको तालिकामा उत्तरदाताको मासिक आय विश्लेषण गरिएको छ ।

**तालिका नं. १०: उत्तरदाताको मासिक आय विश्लेषण**

| आय (रुपैया) | संख्या | प्रतिशत |
|---|---|---|
| १०००-३००० | ८ | १६ |
| ३००१-६००० | २० | ४० |
| ६००१-१०,००० | १० | २० |
| १०,००१ देखि माथि | १२ | २४ |
| **जम्मा** | **५०** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिका अनुसार सबैभन्दा बढी ३००१ देखि ६००० सम्म मासिक आम्दानी हुने २० जना (४०%) र सबैभन्दा कम १०००-३००० रुपैयासम्म मासिक आम्दानी हुने ८ जना (१६%) पाइयो । ६००१-१०,००० सम्म र १०,००१ भन्दा माथि आम्दानी हुनेहरुको संख्या क्रमशः १० जना (२०%) र १२ जना (२४%) रहेको पाइयो । समग्रमा हेर्दा यस अध्ययन क्षेत्रको आर्थिक स्थिति राम्रो नै भेटिएको छ । प्रायः सबै

घरका मान्छेहरु कृषि, जागीर वा व्यवसाय कुनै न कुनै पेसामा संलग्न रहेकाले आर्थिक स्थिति त्यति कमजोर नभएको पाइयो ।

### ५.२.४ उत्तरदाताको निजी सम्पत्ति (दाइजो वा पेवा) सम्बन्धी विश्लेषण

महिलाहरुले माइतीबाट पाएको सम्पत्तिलाई दाइजो र माइतीबाट वा अरु कसैले दिएको अथवा अरु कुनै माध्यमबाट आफ्नो मात्र स्वामित्व रहने गरी राखेको नगद वा जिन्सी सम्पत्तिलाई पेवा मानिएको छ ।

प्रस्तुत तालिकामा छानिएका उत्तरदाताहरुलाई आफ्नो निजी सम्पत्ति (दाइजो वा पेवा) केही छ की छैन भनी सोधिएको प्रश्नमा आएको जानकारीको विश्लेषण गरिएको छ ।

**तालिका नं. ११: उत्तरदाताको दाइजो वा पेवासम्बन्धी विश्लेषण**

| दाइजो वा पेवा | संख्या | प्रतिशत |
|---|---|---|
| छ | १६ | ३२ |
| छैन | ३४ | ६८ |
| जम्मा | ५० | १०० |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिका अनुसार १६ जना (३२%) महिलाहरुले आफ्नो दाइजो वा पेवा भएको बताए भने ३४ जना (६८%) महिलाहरुले आफ्नो निजी सम्पत्ति (दाइजो वा पेवा) नभएको बताए । जसमध्ये केहीले आफ्नो माइतीबाट दिएको दाइजो भए पनि आफ्नो निजी स्वामित्वको मात्र नभई पारिवारिक स्वामित्वमा नै रहेको बताए ।

### ५.२.५ घरायसी आम्दानी राख्ने जिम्मेवारी

कृषि, जागिर, पेसा, व्यवसाय, ज्यालादारी अर्थात् अन्य विभिन्न माध्यमबाट घरायसी आर्थिक कारोवार सञ्चालन गर्नको लागि गरिएको आर्जनलाई घरायसी आम्दानीमा राखिएको छ । कसैको घरमा घरको एउटा सदस्यले मात्र घरको सम्पूर्ण

आम्दानी राखी आर्थिक परिचालन गर्दछन् भने कसैको घरमा सबैजनाले नै राख्ने पनि गर्दछन् । यसै क्रममा यस अध्ययन क्षेत्रमा घरायसी आम्दानी राख्ने जिम्मेवारीको बारेमा आएको जानकारी प्रस्तुत तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका नं. १२: घरायसी आम्दानी राख्ने जिम्मेवारीको आधारमा विश्लेषण**

| घरायसी आम्दानी राख्ने व्यक्ति | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १९ | ३८ |
| पुरुष | १५ | ३० |
| दुवै | १६ | ३२ |
| **जम्मा** | **५०** | **१००** |

श्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिकामा देखिए अनुसार अध्ययन क्षेत्रका १९ जना (३८%) महिलाहरुले मात्र, १५ जना (३०%) पुरुषहरुले मात्र र १६ जना (३२%) महिला/पुरुष दुवैले आफ्नो घरको आम्दानी राख्ने गरेको पाइयो । धेरैजसो एकल परिवार र गुरुङ्ग, तामाङ्ग, मगर जातीहरुमा घरको महिलाले नै घरको आम्दानी राख्ने गरेको पाइयो भने संयुक्त परिवारमा प्राय: जसो घरमा घरको मुली ससुराले र कुनै कुनैमा सासुले राख्ने साथै कतिपय संयुक्त परिवार भएका घरहरुमा परिवारका सदस्यहरुले आ-आफ्नो आम्दानी आफै राख्ने हुनाले महिला पुरुष दुवैले नै आम्दानी राख्ने जिम्मेवारी पाएको देखियो । समग्रमा हेर्ने हो भने यस अध्ययन क्षेत्रमा घरायसी आम्दानी राख्ने जिम्मेवारी, महिला, पुरुष, दुवैले बराबर नै पाएको देखिन्छ ।

## ५.२.६ घरायसी खर्चको निर्णयकर्ता सम्बन्धी विश्लेषण

साधारण देखि लिएर विशेष खालका सम्म विभिन्न किसिमका हुने घरायसी खर्चहरुको सम्बन्धमा घरमा कसको निर्णायक भूमिका रहेको छ भन्ने बारेमा विश्लेषण प्रस्तुत तालिकामा गरिएको छ ।

**तालिका नं. १३: घरायसी खर्च सम्बन्धी निर्णायक भूमिकाको विश्लेषण**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १५ | ३० |
| पुरुष | १२ | २४ |
| दुवै | २३ | ४६ |
| **जम्मा** | **५०** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिका अनुसार ५० वटा छानिएका घरधुरीहरुमध्ये १५ वटा (३०%) घरहरुमा घरायसी खर्चहरु गर्ने कुरामा महिलाले नै निर्णय गर्ने गरेको पाइयो । जसमध्ये ४ जना विधवा, एक जनाको श्रीमान् जड्याहा र एक जना श्रीमान्सँग पारपाचुके गरी सँगै बसेको पाइयो र बाँकी ९ वटा घरहरुमा भने घर परिवार अर्थात् श्रीमान्ले नै घरायसी खर्च गर्ने कुरामा निर्णय गर्नको लागि पूरा अधिकार दिएको पाइयो । १२ वटा (२४%) घरहरुमा पुरुषले नै घरायसी खर्चमा निर्णय गर्ने गरेको पाइयो भने २३ वटा (४६%) घरहरमा महिला पुरुष (श्रीमान्/श्रीमती, आमा/छोरा, सासु/ससुरा, ससुरा/बुहारी) को सरसल्लाहबाट निस्केको सहमति अनुसार घरायसी खर्चको निर्णय गर्ने गरेको पाइयो । महिला पुरुष दुवैको सहमतिमा अर्थात् घरायसी खर्च गर्ने कुरामा दुवैको निर्णायक भूमिका रहेको घरहरुको संख्या नै बढी पाइयो ।

## ५.२.७ ऋण सापट लिनेदिने कुराको निर्णयकर्ता सम्बन्धी विश्लेषण

घर व्यवहार चलाउनको लागि घरभित्र देखि बाहिरसम्म विभिन्न आर्थिक कारोवारहरु गर्नुपर्ने हुन्छ । जसमध्ये ऋण सापट लिनेदिने कुरा पनि एक प्रमुख हो । आफ्नो घरको आवश्यकता पूरा गर्न अर्थात् छरछिमेकी, आफन्त, साथीभाइहरुको आवश्यकता पूरा गर्नको लागि ऋण सापटीहरु लिने दिने कुरामा घरमा प्रमुख निर्णायक भूमिका कसको रहेको हुन्छ भन्ने बारेमा विश्लेषण तलको तालिकामा गरिएको छ ।

**तालिका नं. १४: ऋण सापट लेनदेन सम्बन्धी निर्णायक भूमिकाको विश्लेषण**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १२ | २४ |
| पुरुष | २१ | ४२ |
| दुवै | १७ | ३४ |
| **जम्मा** | **५०** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

छानिएका ५० वटा घरधुरीमा गरिएको सर्वेक्षण अनुसार सबैभन्दा बढी २१ वटा (४२%) घरहरुमा घरायसी ऋणसापट लिनेदिने कुरामा प्रमुख निर्णयकर्ता पुरुष रहेको र सबैभन्दा कम १२ वटा (२४%) घरहरुमा घरायसी ऋण सापट लिनेदिने कुरामा प्रमुख निर्णयकर्ता महिला रहेको पाइयो जसमा धेरैजसो मतवाली जात र एकल परिवार भएको पाइयो भने १७ वटा (३४%) घरहरुमा महिला पुरुष दुवै नै मिलेर यस बारेमा निर्णय गर्ने गरेको जानकारी आयो ।

### ५.२.८ दैनिक आवश्यक घरायसी सर-सामानहरु किन्ने कुराको निर्णयकर्ता सम्बन्धी विश्लेषण

घर संचालनको लागि दैनिक विभिन्न सर-सामानहरुको आवश्यकता परिरहेको हुन्छ । खाने कुरा देखि लिएर अन्य विभिन्न सामानहरु यस अन्तर्गत पर्दछन् । यी सबै कुराहरु दैनिक घरभित्र उपलब्ध भइरहँदैन, जसले गर्दा यस्ता स-साना र अति आवश्यकीय सरसामानहरु दिनदिनै जसो किन्नुपर्ने हुन्छ । यस्तो किन्ने कुरामा घरमा कसले निर्णय गर्छ भन्ने बारेमा अध्ययन क्षेत्रबाट आएको जानकारीको विश्लेषण तलको तालिकामा गरिएको छ ।

**तालिका नं. १५: दैनिक आवश्यक घरायसी सरसामानहरु किन्ने सम्बन्धी निर्णायक भूमिकाको विश्लेषण**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | २४ | ४८ |
| पुरुष | १० | २० |
| दुवै | १६ | ३२ |
| **जम्मा** | **५०** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिकाबाट हेर्दा यस अध्ययन क्षेत्रमा २४ जना (४८%) महिलाहरु साधारण घरायसी किनमेलमा प्रमुख निर्णयकर्ता रहेको पाइयो भने १० जना (२०%) पुरुषहरु यसको निर्णयकर्ता रहेको पाइयो । त्यसैगरी १६ वटा (३२%) घरहरुमा यस्ता सामानहरु किनमेल गर्ने कुरामा महिला पुरुष दुवै मिलेर निर्णय गर्ने जानकारी पाइयो ।

## ५.२.९ विशेष खालका घरायसी किनमेल गर्ने निर्णयकर्ता सम्बन्धी विश्लेषण

अध्ययनले  देखाए अनुसार घरका विशेष खालका सर-सामानहरु किन्ने बेलामा महिलाहरुले स्वयं स्वतन्त्र रुपले निर्णय गर्न सकेको पाइएन । उनीहरुले पुरुषहरुको सल्लाह लिनुपर्ने अथवा पुरुषहरु नै धेरैजसो प्रमुख निर्णयकर्ता रहने गरेको देखियो । यस क्षेत्रमा विशेष खालका घरायसी सामानहरु भन्नाले विलासिताका वस्तुहरु जस्तैः गर-गहना, टि.भी., साइकल, मोटरसाइकल तथा अन्य ठूला-ठूला सामानहरु पर्दछन् । प्रस्तुत तालिकामा अध्ययन क्षेत्रमा विशेष खालका घरायसी किनमेल गर्ने सम्बन्धमा प्रमुख निर्णयकर्ता को छ भन्ने बारेमा विश्लेषण गरिएको छ ।

**तालिका नं. १६ः विशेष खालका घरायसी किनमेल सम्बन्धमा प्रमुख निर्णयकर्ता सम्बन्धी विश्लेषण**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १२ | २४ |
| पुरुष | २५ | ५० |
| दुवै | १३ | २६ |
| **जम्मा** | **५०** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रमा छानिएका ५० वटा घरधुरी मध्ये २५ वटा (५०%) घरमा घरका विशेष खालका घरायसी सरसमानहरु किन्ने कुरामा प्रमुख निर्णायक भूमिका रहेको, १२ वटा (२४%) घरहरुमा महिलाको प्रमुख निर्णायक भूमिका रहेको पाइयो भने १३ वटा (२६%) घरहरुमा विशेष खालका घरायसी किनमेलमा महिला पुरुष दुवै जनाको नै निर्णायक भूमिका रहेको पाइयो ।

## ५.२.१० छरछिमेक तथा आफन्तमा हुने बिहेबारी जस्ता उत्सवमा हुने सामान्य खर्च गर्ने कुरामा निर्णयकर्ता सम्बन्धी विश्लेषण

घर भित्रका विभिन्न खर्चहरु मध्ये यस्ता किसिमका खर्च पनि आइ परिरहन्छन् । यस्ता खर्चहरु के कति गर्ने भन्ने कुराको निर्णायक भूमिका घर-परिवारमा कसको बढी रहन्छ भन्ने बारेमा अध्ययन क्षेत्र सर्वेक्षणबाट आएको जानकारीको आधारमा तलको तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका नं. १७: छरछिमेक तथा आफन्तमा हुने बिहेबारी जस्ता उत्सवमा हुने सामान्य खर्च सम्बन्धी निर्णायक भूमिकाको विश्लेषण**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १० | २० |
| पुरुष | २४ | ४८ |
| दुवै | १६ | ३२ |
| **जम्मा** | **५०** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिकामा छरछिमेक तथा आफन्तमा हुने बिहेवारी जस्ता उत्सवमा हुने खर्चको बारेमा २४ वटा (४८%) घरहरुमा प्रमुख निर्णयकर्ता पुरुष रहेको, १० वटा (२०%) घरहरुमा प्रमुख निर्णयकर्ता महिला रहेको पाइयो र त्यसैगरी १६ वटा (३२%) घरहरुमा महिला पुरुष दुवैको सरसल्लाह हुने र दुवै नै प्रमुख निर्णयकर्ताको रुपमा रहेको पाइयो ।

## ५.२.११ खेतीपाती तथा पशुपालन गर्ने क्रममा लाग्ने खर्च सम्बन्धमा निर्णयकर्ता सम्बन्धी विश्लेषण

खेतीपाती तथा पशुपालन गर्ने क्रममा लाग्ने खर्च सम्बन्धमा प्रमुख निर्णायक भूमिका कसको रहेको छ भन्ने बारेमा विश्लेषण तलको तालिकामा गरिएको छ ।

**तालिका नं. १८: कृषिमा लाग्ने खर्च सम्बन्धी निर्णायक भूमिकाको विश्लेषण**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १८ | ३६ |
| पुरुष | २० | ४० |
| दुवै | १२ | २४ |
| **जम्मा** | **५०** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिकामा कृषि कार्यमा महिलाहरुको संलग्नता बढी रहेकोले अन्य खर्चको निर्णयमा भन्दा कृषिमा लाग्ने खर्चको निर्णयमा बढी भूमिका रहेको देखिएको छ तापनि तुलनात्मक रुपमा पुरुषहरु नै बढी निर्णयकर्ताको रुपमा रहेका छन् । अध्ययन क्षेत्रमा छानिएका ५० वटा घरधुरी मध्ये २० वटा (४०%) घरहरुमा कृषिमा गरिने खर्चमा प्रमुख निर्णयकर्ता पुरुष रहेका छन् १८ वटा (३६%) घरहरुमा महिला निर्णयकर्ता रहेका छन् भने १२ वटा (२४%) घरहरुमा महिला पुरुष दुवै निर्णयकर्ताको रुपमा रहेका छन् ।

### ५.२.१२ कृषि उपजको बिक्री वितरणमा निर्णयकर्ता सम्बन्धी विश्लेषण

खेतीपाती तथा पशुपालन गर्ने क्रममा उत्पादन गरिएका खाद्यान्नहरु सबै खपत हुँदैन । सालभरी खान नपुग्ने नै भए पनि सबै बालीहरु आफैले सदुपयोग नगरी बिक्री गरेर त्यसको सट्टामा अरु अन्न किन्ने गरेको पनि देखिन्छ । त्यस्तै गाई भैंसीबाट दुध, घिउ, बाखा, कुखुरा, अण्डा आदि पनि बिक्री गर्ने गरिन्छ । यस अध्ययन क्षेत्रमा पनि सबै घरहरुमा केही न केही कृषि उपजहरु बिक्री गर्ने गरेको पाइयो । त्यसैले प्रस्तुत तालिकामा कृषि उपजको बिक्रीवितरण गर्ने सम्बन्धमा घरमा कसले निर्णय गर्छ भन्ने बारेमा विश्लेषण गरिएको छ ।

**तालिका नं. १९: कृषि उपजको बिक्री वितरण सम्बन्धी निर्णायक भूमिकाको विश्लेषण**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १३ | २६ |
| पुरुष | १७ | ३४ |
| दुवै | २० | ४० |
| **जम्मा** | **५०** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

अध्ययन क्षेत्रमा गरिएको सर्वेक्षण अनुसार ५० वटा घरधुरी मध्ये कृषि उपजको बिक्री वितरण गर्ने सम्बन्धमा १७ वटा (३४%) घरहरमा पुरुषले निर्णय गर्ने, १३ वटा (२६%) घरहरुमा महिलाले निर्णय गर्ने गरेको पाइयो भने २० वटा (४०%) घरहरुमा महिला पुरुष दुवै मिलेर कृषि उपजको बिक्री वितरण गर्ने कुरामा निर्णय गर्ने गरेको पाइयो । यस अध्ययन क्षेत्रमा धेरै ठूलो मात्रामा खेतीपाती तथा पशुपालन गर्ने नभई थोरै मात्रामा मात्रै खेतीपाती तथा पशुपालन गर्नेहरुको संख्या धेरै भएको पाइयो ।

## ५.३ घरायसी क्रियाकलाप

घरायसी क्रियाकलाप अन्तर्गत घरभित्रका विभिन्न कामहरु जस्तैः खाना पकाउने, भाडा माभ्cने, लुगा धुने, घर सरसफाई गर्ने, बच्चा तथा बुढापाकाको हेरचाह गर्ने, घरायसी किनमेल गर्ने आदि जस्ता अन्य धेरै कामहरु पर्दछन् । यस अध्ययन क्षेत्रमा पनि समग्र नेपाली समाजमा जस्तै यस्ता किसिमका घरायसी कामहरुमा महिलाहरुले धेरै समय बिताएको देखिएको छ । पुरुषहरुले पनि केही मात्रामा यस्ता काममा सहयोग गर्ने गरेको पाइएता पनि महिलाहरुको तुलनामा पुरुषहरुले ज्यादै कम मात्रामा यस्ता कार्यमा पूर्ण रुपमा सहभागी हुने गरेको देखियो ।

### ५.३.१ घरायसी कामकाज सम्बन्धी विश्लेषण

प्रस्तुत तालिकामा अध्ययन क्षेत्रमा गरिएको सर्वेक्षणको आधारमा कति कति घरमा घरायसी कामकाजहरु महिला वा पुरुष अथवा महिला/पुरुष दुवै मिलेर गर्ने रहेछन् भन्ने कुराको विश्लेषण गरिएको छ ।

**तालिका नं. २०: घरायसी कामकाजको बाँडफाँड सम्बन्धी विश्लेषण**

| क.सं. | घरायसी कामकाज | कसले गर्ने | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | प्रतिशत | पुरुष | प्रतिशत | दुवै | प्रतिशत |
| १ | खाना बनाउने | ४० | ८० | – | – | १० | २० |
| २ | घर सरसफाई गर्ने | ३५ | ७० | – | – | १५ | ३० |
| ३ | भाडा धुने | ४३ | ८६ | – | – | ७ | १४ |
| ४ | लुगा धुने | ३७ | ७४ | – | – | १३ | २६ |
| ५ | बच्चाको हेरचाह गर्ने | २६ | ५२ | – | – | २४ | ४८ |
| ६ | साधारण घरायसी किनमेल गर्ने | १८ | ३६ | १० | २० | २२ | ४४ |
| ७ | विशेष खालका घरायसी किनमेल गर्ने | ११ | २२ | २२ | ४४ | १७ | ३४ |
| ८ | परिवारको सदस्य विरामी पर्दा हेरचाह गर्ने | ३५ | ७० | ३ | ६ | १२ | २४ |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिका अनुसार हेर्दा खाना बनाउने, घर सरसफाई गर्ने, भाडा धुने, लुगा धुने तथा बच्चाको हेरचाह गर्ने जस्ता काममा महिलाको बढी दायित्व रहेको पाइयो र पुरुषहरुको अलि-अलि मात्र सहयोग रहने गरेको भेटियो । छानिएका ५० वटा घरधुरीहरु मध्ये ४० वटा (८०%) घरहरुमा महिलाले मात्र सधैं खाना बनाउने काम गर्ने गरेको पाइयो । त्यस्तै १० वटा (२०%) घरहरुमा महिला/पुरुष दुवै मिलेर पकाउने गरेको पाइयो । घर सरसफाई गर्ने, भाडा धुने, लुगा धुने र बच्चाको हेरचाह गर्ने कामहरु महिलाले मात्र क्रमशः ३५ वटा (७०%), ४३ वटा (८६%), ३७ वटा (७४%) र २६ वटा (५२%) घरहरुमा गर्ने गरेको भेटियो भने महिला र पुरुष दुवै मिलेर यी कामहरु क्रमशः १५ वटा (३०%), ७ वटा (१४%), १३ वटा (२६%) र २४ वटा (४८%)

घरहरुमा गर्ने गरेको पाइयो । तर यी सबै कामहरु कुनै घरमा पनि पुरुष एक्लैले गर्ने गरेको भने पाइएन । यी सबै पुरुषले घरायसी कामकाज गर्न हुँदैन भन्ने परम्परागत सोच र मान्यताको प्रतिफल हुनसक्छ । यसैगरी साधारण घरायसी किनमेल गर्ने काम महिलाले मात्र १८ वटा (३६%) घरहरुमा र पुरुषले मात्र १० वटा (२०%) घरहरुमा गरेको पाइयो भने महिला र पुरुष दुवै मिलेर २२ वटा (४४%) घरहरुमा साधारण घरायसी किनमेल गर्ने गरेको पाइयो । विशेष खालका घरायसी सर-सामानहरु किन्ने काम पुरुषले नै धेरै गर्ने गरेको भेटियो । ११ वटा (२२%) घरहरुमा मात्र महिलाले मात्र, २२ वटा (४४%) घरहरुमा पुरुषले मात्र र १७ वटा (३४%) घरहरुमा महिला पुरुष दुवै मिलेर विशेष खालका घरायसी किनमेल गर्ने चलन रहेको देखियो । परिवारको कुनै पनि सदस्य बिरामी पर्दा हेरचाह गर्ने कुरामा सामान्यतः महिलाको नै बढी योगदान रहेको पाइन्छ हाम्रो समाजमा । त्यसैले यस अध्ययन क्षेत्रमा पनि त्यस्तै खालको अवस्था देखिएको छ । ३५ वटा (७०%) घरहरुमा महिलाले मात्र, ३ वटा (६%) घरहरुमा पुरुषले मात्र र १२ वटा (२४%) घरहरुमा महिला/पुरुष दुवै मिलेर बिरामी सदस्यहरको हेरचाह गर्ने गरेको पाइयो ।

समग्रमा हेर्ने हो भने घरभित्र गरिने घरायसी कामधन्दाहरु महिलाले नै धेरै गर्ने र घरको विशेष खालको काम जस्तो सरसामानहरु किनमेल गर्ने जस्तो आर्थिक काममा पुरुषको नै अधिकार बढी हुने अर्थात् पुरुषले नै यस्ता काम धेरै मात्रामा गर्ने गरेको पाइयो । पहिला-पहिला गरिएको अध्ययनहरुसँग तुलनात्मक रुपले हेर्दा घरायसी कामकाजमा पुरुषहरुको सहयोग क्रमशः बढ्दै गएको देखिन्छ ।

### ५.३.२ घरायसी कामकाजमा सहयोग सम्बन्धी विश्लेषण

यस अध्ययनको सिलसिलामा छनोटमा परेका महिलाहरुको घरधन्दामा कसले कति सहयोग गरेर रमाइलो सँग घरव्यवहार चलाउँदा रहेछन् भन्ने कुरा तलको तालिकाबाट बुझ्न सकिन्छ ।

**तालिका नं. २१: घरधन्दामा सहयोग गर्ने सहयोगीको विश्लेषण**

| सहयोगी | संख्या | प्रतिशत |
|---|---|---|
| श्रीमान् | १६ | ३२ |
| सासु | १३ | २४ |
| छोराछोरी | १२ | २४ |
| सबैले | १० | २० |
| **जम्मा** | **५०** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिका नं. १९ अनुसार घरधन्दामा सबैभन्दा बढी १६ वटा (३२%) घरहरुमा श्रीमान्ले सघाउँदा रहेछन् भने सबैभन्दा कम १० (२०%) घरहरुमा सबैले घरधन्दामा सहयोग गर्ने गर्दा रहेछन् । त्यसैगरी १२-१२ वटा (२४-२४%) घरहरुमा क्रमशः सासु र छोराछोरीले महिला अर्थात् घरको बुहारीलाई घरधन्दामा सहयोग गर्ने गरेको भेटियो । धेरैजसो एकल परिवार भएको घरहरु भएको हुनाले श्रीमतीलाई श्रीमान्ले नै सघाउने गरेको पाइयो । त्यसै गरी ब्राह्मण क्षेत्री जस्ता उच्च जातिका घरहरुमा भन्दा गुरुङ्ग, तामाङ्ग मगर, नेवार आदि जस्ता जातीय घरहरुमा पुरुष सदस्यहरुले घरधन्दामा बढी जसो सघाउने गरेको पनि भेटियो ।

## ५.३.३ परिवारको सदस्यहरु बिरामी पर्दा औषधी उपचार गर्ने निर्णयकर्ता सम्बन्धी विश्लेषण

घर परिवारमा आइपर्ने विभिन्न समस्याहरु मध्ये परिवारका सदस्यहरु बिरामी हुनु पनि एक हो । समय-समयमा परिवारका विभिन्न सदस्यहरु बिरामी भइरहेका हुन्छन् । यसरी बिरामी पर्दा उनीहरुले के कस्तो उपचार के कस्तो ठाउँमा लगी के कति खर्चमा कसरी गराउने भन्ने कुराको निर्णय परिवारमा कसले गर्छ भन्ने कुराको विश्लेषण अध्ययन क्षेत्र सर्वेक्षणबाट प्राप्त जानकारीको आधारमा तलको तालिकामा गरिएको छ ।

**तालिका नं. २२: परिवारका सदस्यहरुको औषधी उपचार सम्बन्धी निर्णायक भूमिकाको विश्लेषण**

| को निर्णायकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १२ | २४ |
| पुरुष | १४ | २८ |
| दुवै | २४ | ४८ |
| **जम्मा** | **५०** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिका नं. २० अनुसार २४ वटा (४८%) घरहरुमा परिवारको औषधी उपचारमा महिला पुरुष दुवै मिलेर निर्णय गर्दा रहेछन्, १२ वटा (२४%) घरहरुमा महिलाले मात्र औषधी उपचार सम्बन्धी निर्णय गर्दा रहेछन् भने १४ वटा (२८%) घरहरुमा पुरुषले मात्र यस सम्बन्धी निर्णय गर्ने गरेको भेटियो । समग्रमा भन्नुपर्दा यस सम्बन्धी निर्णय गर्ने अधिकार महिला/पुरुष दुवैमा समान नै रहेको भेटियो ।

## ५.३.४ छोराछोरीको शिक्षाको बारेमा निर्णयकर्ता सम्बन्धी विश्लेषण

यस अध्यन क्षेत्रमा छनोटमा परेका सबै घरहरुमा छोराछोरीलाई स्कुल पढ्न पठाएको पाइएको छ । प्रस्तुत तालिकामा अध्ययन क्षेत्रमा गरिएको सर्वेक्षणको आधारमा छोराछोरीलाई के-कति लगानीमा, के कस्तो शिक्षा, के कसरी दिने भन्ने बारेमा घर परिवारमा प्रमुख निर्णायक भूमिका महिला, पुरुष वा दुवैको कसको छ भन्ने बारेमा विश्लेषण गरिएको छ ।

**तालिका नं. २३: छोराछोरीको शिक्षा सम्बन्धी निर्णायक भूमिकाको विश्लेषण**

| **निर्णयकर्ता** | **संख्या** | **प्रतिशत** |
| --- | --- | --- |
| महिला | ७ | १४ |
| पुरुष | १३ | २६ |
| दुवै | ३० | ६० |
| **जम्मा** | **५०** | **१००** |

श्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिकाबाट हेर्दा अध्ययन क्षेत्रमा छनोटमा परेका ५० वटा घरहरु मध्ये ३० वटा (६०%) घरहरुमा छोराछोरीको शिक्षा सम्बन्धी महिला/पुरुष दुवैले सर-सल्लाह गरी निर्णय गर्ने, १३ वटा (२६%) घरहरुमा पुरुषले मात्र यस सम्बन्धी निर्णय गर्ने र जम्मा ७ वटा (१४%) घरहरुमा मात्र महिलाले मात्र छोराछोरीको शिक्षा सम्बन्धी निर्णय गर्ने गरेको भेटियो । ७ वटा घरहरुमा पनि धेरैजसो विधवा महिलाहरु भएको घरहरु पर्दछन् ।

### ५.३.५ छरछिमेकी तथा इष्टमित्रहरुसँगको सम्बन्ध स्थापित गर्ने सम्बन्धी प्रमुख भूमिकाको विश्लेषण

छरछिमेकी तथा इष्टमित्रहरुसँगको सम्बन्ध स्थापित गर्ने सम्बन्धमा यस अध्ययन क्षेत्रमा महिला, पुरुष वा दुवैको के कति भूमिका रहने गर्दछ भन्ने बारेमा गरिएको सर्वेक्षण अनुसार प्राप्त जानकारीको आधारमा तलको तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका नं. २४: छरछिमेकी तथा इष्टमित्रहरुसँगको सम्बन्ध स्थापनामा प्रमुख भूमिका सम्बन्धी विश्लेषण**

| प्रमुख भूमिका कसको | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १८ | ३६ |
| पुरुष | ११ | २२ |
| दुवै | २१ | ४२ |
| **जम्मा** | **५०** | **१००** |

श्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिका नं २२ को अध्ययन गर्ने हो भने ५० वटा घरहरु मध्ये १८ वटा (३६%) घरहरुमा छरछिमेकी तथा इष्ट मित्रहरुसँग सम्बन्ध स्थापना गर्ने कुरामा प्रमुख भूमिका रहेको पाइयो । त्यस्तै ११ वटा (२२%) घरहरुमा पुरुषको प्रमुख भूमिका रहेको भेटियो भने २१ वटा (४२%) घरहरुमा महिला पुरुष दुवैको नै छरछिमेकी तथा इष्टमित्रहरुसँग प्रमुख भूमिका रहेको पाइयो । यसरी सम्बन्ध स्थापित गर्ने कुरामा महिला नै बढी अग्रसर भएको अथवा हुनुपर्ने कुरा यस अध्ययन क्षेत्रमा अध्ययनको क्रममा भेटियो ।

### ५.३.६ पाहुनाहरुको स्वागत सत्कारमा ध्यान सम्बन्धी विश्लेषण

पाहुनाहरुको स्वागत सत्कार गर्ने क्रममा महिला वा पुरुष कसले बढी ध्यान दिन्छ भन्ने सम्बन्धमा तलको तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका नं. २५: पाहुनाहरुको स्वागत सत्कारमा ध्यान दिने सम्बन्धी विश्लेषण**

| कसले बढी ध्यान दिने | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | २३ | ४६ |
| पुरुष | ७ | १४ |
| दुवै | २० | ४० |
| **जम्मा** | **५०** | **१००** |

श्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिकामा हेर्दा यस अध्ययन क्षेत्रमा छानिएका ५० वटा घरधुरीहरु मध्ये २३ वटा (४६%) घरहरुमा महिलाले नै पाहुनाहरुको स्वागत सत्कारमा बढी ध्यान दिने गरेको देखियो भने जम्मा ७ वटा (१४%) घरहरुमा पुरुषले मात्र बढी ध्यान दिने गरेको पाइयो । त्यसैगरी २० (४०%) घरहरुमा महिला पुरुष दुवैले नै पाहुनाहरुको स्वागत सत्कारमा बढी ध्यान दिने गरेको भेटियो । महिलाहरु बढी घर भित्रकै अर्थात् चुलाचौकाकै काममा लाग्ने हुनाले पाहुनाहरुलाई के-कस्तो, के-कसरी खुवाउने, कसरी राख्ने भन्ने सम्बन्धी बढी ध्यान महिलाले नै दिने गरेको देखियो ।

### ५.३.७ चाडपर्वमा मुख्य भूमिका सम्बन्धी विश्लेषण

चाडपर्व मनाउने बेलामा घर परिवारमा कसको बढी भूमिका हुन्छ भन्ने बारेमा विश्लेषण अध्ययन क्षेत्र सर्वेक्षणको आधारमा तलको तालिकामा गरिएको छ ।

**तालिका नं. २६: चाडपर्वमा कसको मुख्य भूमिका सम्बन्धी विश्लेषण**

| कसको मुख्य भूमिका | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १८ | ३६ |
| पुरुष | ९ | १८ |
| दुवै | २३ | ४६ |
| **जम्मा** | **५०** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

छनोटमा परेका ५० वटा घरहरु मध्ये १८ वटा (३६%) घरहरुमा चाडपर्वहरुमा प्रमुख भूमिका महिलाको रहने, ९ वटा (१८%) घरहरुमा पुरुषको मुख्य भूमिका रहने र २३ वटा (४६%) घरहरुमा महिला/पुरुष दुवैको चाडपर्वमा प्रमुख भूमिका रहने गरेको माथिको तालिकामा देखिएको छ । प्रमुख भूमिका जसको रहेता पनि चाडपर्वको बेलामा घर सरसफाइ गर्नेदेखि लिएर पकाउने तथा अन्य सरसमानहरु मिलाउने सम्मका

विभिन्न कार्यहरुमा महिलाहरुलाई नै बढी बोझ परिरहेको हाम्रो समाजमा देखिन्छ भने यस अध्ययन क्षेत्रमा पनि यस्तै किसिमको प्रचलन रहेको भेटियो ।

### ५.३.८ कुनै सामाजिक भेला, संगठनमा जाने सम्बन्धी विश्लेषण

यस अध्ययनको क्रममा अध्ययन क्षेत्रमा महिलाको स्थितिलाई पहिचान गर्नको लागि सामाजिक क्रियाकलापमा महिलाको कतिको सहभागिता रहेछ भन्ने पत्ता लगाउन गरिएको सर्वेक्षणको आधारमा तलको तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका नं. २७: सामाजिक भेला संगठनमा महिला सहभागिता सम्बन्धी विश्लेषण**

| सहभागिता | संख्या | प्रतिशत |
|---|---|---|
| छ | ३३ | ६६ |
| छैन | १७ | ३४ |
| **जम्मा** | **५०** | **१००** |

श्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिका नं. २५ अनुसार यस अध्ययन क्षेत्रमा छानिएका ५० जना उत्तरदाता (महिलाहरु) मध्ये ३३ जना (६६%) महिलाहरुले सामाजिक भेला संगठनमा सहभागी हुने गरेको बताए भने १७ जना (३४%) महिलाहरुले सहभागी हुने नगरेको बताए । सहभागी हुने महिलाहरुमा कोही शिक्षिका पेशामा संलग्न, कोही नर्स पेशामा संलग्न रहेका छन् भने एक जना राजनीतिकर्मी अनि दुई जना समाजसेवी पनि रहेका छन् भने अन्य धेरैजसो महिलाहरु महिला समूहको माध्यमबाट नै सामाजिक भेला संगठनमा सहभागी भएको पाइयो । त्यस्तै गरी सामाजिक संगठनमा सहभागी नहुने महिलाहरुमा कोहीले आर्थिक अभावको कारण सहभागी हुन नसकेको बताए भने कोही घरायसी बेफुर्सदीको कारण, कोही घरायसी प्रतिबन्धको कारण र कोही चाहिँ आफ्नै ईच्छाले यसमा सहभागी नभएको बताए ।

### ५.३.९ सामाजिक भेला संगठनमा महिला सहभागिता घर सल्लाह अनुसार वा आफू खुशी भन्ने सम्बन्धी विश्लेषण

माथिको तालिका अनुसार हेर्दा ५० जना महिला मध्ये ३३ जना महिलाहरु सामाजिक भेला संगठनमा सहभागी भएका छन् । यसरी सहभागी हुनेहरु मध्ये के कति जना आफ्नै खुशीले सहभागी भए र के कति जना घरायसी सर सल्लाह अनुसार सहभागी भए भन्ने कुराको विश्लेषण तलको तालिकामा गरिएको छ ।

**तालिका नं. २८ः सामाजिक भेला संगठनमा महिला सहभागिता आफूखुशी वा घरसल्लाह अनुसार भन्ने सम्बन्धमा विश्लेषण**

| सहभागिता | संख्या | प्रतिशत |
|---|---|---|
| घरसल्लाह अनुसार | २४ | ७३ |
| आफू खुशी | ९ | २७ |
| **जम्मा** | **३३** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिका अनुसार सामाजिक सहभागी हुने ३३ जना महिलाहरु मध्ये २४ जना (७३%) महिलाहरु घर सल्लाह अनुसार सहभागी भएको र ९ जना (२७%) मात्र महिलाहरु आफूखुशी सहभागी भएको पाइयो । यस अध्ययन अनुसार महिलाहरुलाई अझै पनि घर बाहिरको सामान्य कार्यक्रमहरुमा सहभागी हुनको लागि पनि स्व इच्छाले निर्णय गर्न सक्ने अधिकार दिइएको छैन भन्ने देखिन्छ । तर कतिपय सन्दर्भमा महिलाहरुले अधिकार/प्राप्त गरे पनि उनीहरुमा स्वनिर्णय गर्न सक्ने क्षमताको अभाव रहेको पनि पाइन्छ ।

### ५.३.१० घरायसी क्रियाकलापमा प्रमुख निर्णयकर्ता सम्बन्धी विश्लेषण

विभिन्न घरायसी क्रियाकलाप सम्बन्धी विश्लेषण माथिका विभिन्न तालिकाहरुमा गरिएको छ । भिन्दाभिन्दै क्रियाकलापहरुमा महिला पुरुषको निर्णयाधिकार भिन्दाभिन्दै रहेको भए तापनि सम्पूर्ण घरायसी क्रियाकलाप सञ्चालन गर्नको लागि प्रमुख निर्णयकर्ता घरमा महिला/पुरुष अथवा दुवै जनाको रहेको छ भन्ने

बारेमा अध्ययन क्षेत्रबाट लिइएको जानकारीको आधारमा तलको तालिकामा विश्लेषण गरिएको छ । यो जानकारी उत्तरदाताले दिएको उत्तरको आधारमा आधारित रहेको छ ।

**तालिका नं. २९: समग्र घरायसी क्रियाकलापमा प्रमुख निर्णयकर्ता सम्बन्धी विश्लेषण**

| प्रमुख निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १२ | २४ |
| पुरुष | २० | ४० |
| दुवै | १८ | ३६ |
| **जम्मा** | **५०** | **१००** |

श्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिका नं. २७ बाट के बुझ्न सकिन्छ भने १२ वटा (२४%) घरहरुमा प्रमुख निर्णयकर्ताको रुपमा महिला रहेका छन्, २० वटा (४०%) घरहरुमा पुरुष प्रमुख घरायसी निर्णयकर्ताको रुपमा रहेका छन् भने १८ वटा (३६%) घरहरुमा महिला/पुरुष दुवैले नै प्रमुख घरायसी निर्णयकर्ताको भूमिका निभाएको देखिएको छ । यसरी समग्रमा हेर्ने हो भने पुरुषहरु नै बढी घरायसी प्रमुख निर्णयकर्ताको रुपमा देखिएको छ ।

## ५.४ कृषि सम्बन्धी क्रियाकलाप

यस अध्ययन क्षेत्रका अधिकांश मानिसहरु धेरै वा थोरै भए पनि कृषि क्षेत्रमा लागेका पाइयो । तर शहरीकरण र आधुनिकरण विकास अनि जनसंख्या बृद्धिले गर्दा प्रायजसो जग्गाहरुमा घर लगायत विभिन्न भवनहरु निर्माण भएकाले खेतीयोग्य जमिनहरु घट्दै गएका छन् जसले कृषि क्षेत्रमा यसले प्रभाव पारेको छ । कृषिभित्र पनि खेतीपाती र पशुपालन गरी २ वटा क्षेत्र समावेश भएका हुन्छन् ।

### ५.४.१ खेतीपाती सम्बन्धी विश्लेषण

सर्वेक्षणको क्रममा अध्ययन क्षेत्रमा लिइएको जानकारी अनुसार छनोटमा परेका सबै घरहरुमा जग्गा धेरै वा थोरै जति भए पनि कुनै न कुनै खेतीपाती गरेको पाइयो । तपाईहरु खेतीपाती गर्नुहुन्छ ? भनी गरेको प्रश्नको जवाफमा सबैले गर्छौं भन्ने जवाफ

दिएका थिए । जग्गाको मात्रा चाहिँ २ कठ्ठा देखि लिएर १ विघासम्म भएको बताएका थिए । १ विघासम्म जग्गा हुनेहरुको संख्या ज्यादै न्यून रहेको र धेरैजसोको २ देखि ५ कठ्ठासम्म नै जग्गा भएको पाइयो । खेतीपाती गर्ने क्रममा विभिन्न कामहरु गर्नुपर्ने हुन्छ । हाम्रो नेपाली समाजमा महिलाहरु धेरैजसो बाहिर जागिर खान नजाने र घरधन्दा मै सीमित रहेकाले खेतीपाती गर्ने काममा पनि महिलाहरुको नै बढी दायित्व रहने गरेको पाइन्छ । यस क्षेत्रमा के-के खेती गर्नुहुन्छ भनी गरिएको प्रश्नको जवाफलाई समग्रमा लिँदा यहाँ विशेषगरी धान, मकै र गहुँ नै उत्पादन गरिँदो रहेछ । नगदे बाली अन्तर्गत खासै केही पनि खेती नगरेको पाइयो । कसैले आलु खेती गर्ने गरेको पनि बताए । यसै क्रममा खेतीपाती गर्दा गर्नुपर्ने विभिन्न कामहरु कसले गर्ने र को निर्णायक भनी गरिएको प्रश्नमा आएको जवाफ अनुसार तलको तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका नं. ३०: खेतीपाती गर्दा गरिने काम कसले गर्ने भन्ने सम्बन्धी विश्लेषण र**

| क्र.सं. | कामको प्रकृति | कसले गर्ने | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | प्रतिशत | पुरुष | प्रतिशत | दुवै | प्रतिशत |
| १ | खनजोत गर्ने | ६ | १२ | ३५ | ७० | ९ | १८ |
| २ | बीउबीजनको तयारी गर्ने | १९ | ३८ | १८ | ३६ | १३ | २६ |
| ३ | सिंचाइ, मल तथा विषादीको प्रबन्ध | १७ | ३४ | २३ | ४६ | १० | २० |
| ४ | बाली लगाउने | २४ | ४८ | – | – | २६ | ५२ |
| ५ | गोडमेल गर्ने | २४ | ४८ | – | – | २६ | ५२ |
| ६ | बाली काट्ने भित्र्याउने | २३ | ४६ | – | – | २७ | ५४ |
| ७ | मेला पर्म जाने (२८ वटा घरमा) | १९ | ६८ | २ | ७ | ७ | २५ |
| ८ | कामदार लगाउने | २० | ४० | ९ | १८ | २१ | ४२ |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिका नं. २८ अनुसार खनजोत गर्ने काम धेरैजसो पुरुषले नै गर्ने गरेको पाइयो । घरको सदस्यले खनजोत नगरे पनि खेताला लगाएर भए पनि पुरुषद्वारा नै खनजोत गराउने गरेको अध्ययनको क्रममा भेटियो । ६ वटा (१२%) घरहरुमा महिलाले मात्र खन्ने काम गर्ने (थोरै जम्मा भएकोले थोरै खेती गर्नलाई महिलाले मात्र खन्ने) ३५ वटा (७०%) घरहरुमा पुरुषले मात्र खनजोत गर्ने र ९ वटा (१८%) घरहरुमा महिला / पुरुष दुवैले खनजोत गर्ने गरेको भेटियो । त्यसैगरी बीउबीजनको तयारी गर्ने कामम महिला/पुरुषको लगभग बराबर जस्तै दायित्व रहेको भेटियो । बाली लगाउने, गोडमेल गर्ने र बाली काट्ने भित्र्याउने जस्ता कामहरु कुनै घरमा पनि पुरुषले मात्र गर्ने गरेको पाइएन (क्रमशः २४ वटा (४८%), २४ वटा (४८%) र २३ वटा (४६%) घरहरुमा यी कामहरु महिलाले मात्र गर्ने र क्रमशः २६ वटा (५२%), २६ वटा (५२%) र २७ वटा (५४%) घरहरुमा महिला पुरुष दुवै मिलेर यस्ता कामहरु गर्ने गरेको पाइयो । घरकै सदस्यहरु आफै मेला पर्म जाने काम २८ वटा घरहरुमा मात्र गर्ने गरेको पाइयो । जसमध्ये १९ (६८%) घरहरुमा महिलाहरु मात्र, २ वटा मात्र (७%) घरहरुमा पुरुषहरु मात्र र ७ वटा (२५%) घरहरुमा महिला/पुरुष दुवै मेलापर्म जाने गरेको भेटियो । त्यसैगरी कामदार लगाउने काम २० वटा (४०%) घरहरुमा महिला/पुरुष दुवैले गर्ने गरेको पाइझे । यस प्रकार समग्रमा हेर्ने हो भने खेतीपाती सम्बन्धी कामहरु धेरैजसो पुरुषको तुलनामा महिलाले नै बढी गर्ने गरेको पाइयो भने पुरुषहरुको सकारात्मक सहयोगलाई पनि यहाँ नकार्न सकिँदैन ।

**तालिका नं. ३१: खेतीपाती गर्दा गरिने काममा को निर्णायक भन्ने सम्बन्धी विश्लेषण**

| क्र.सं. | कामको प्रकृति | निर्णायक | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | प्रतिशत | पुरुष | प्रतिशत | दुवै | प्रतिशत |
| १ | खनजोत गर्ने | ८ | १६ | २९ | ५८ | १३ | २६ |
| २ | बीउबीजनको तयारी गर्ने | १९ | ३८ | १८ | ३६ | १३ | २६ |
| ३ | सिंचाइ, मल तथा विषादीको प्रबन्ध गर्ने | १४ | २८ | २५ | ५० | ११ | २२ |
| ४ | बाली लगाउने | ९ | १८ | २७ | ५४ | १४ | २८ |
| ५ | गोडमेल गर्ने | १० | २० | २३ | ४६ | १७ | ३४ |
| ६ | बाली काट्ने भित्र्याउने | ७ | २५ | १२ | ४३ | ९ | ३२ |
| ७ | मेला पर्म जाने (२८ वटा घरमा) | ९ | १८ | २७ | ५४ | १४ | २८ |
| ८ | कामदार लगाउने | ९ | १८ | २७ | ५४ | १४ | २५ |

श्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिका नं. २९ अनुसार हेर्दा अध्ययन क्षेत्रमा छानिएका ५० वटा घरधुरी मध्ये बाली लगाउने, बाली काट्ने भित्र्याउने, कामदार लगाउने कामहरुमा क्रमशः ९ वटा (१८%) घरमा महिलाले मात्र, २७ वटा (५४%) घरहरुमा पुरुषले मात्र र १४ वटा (२८%) घरहरुमा महिला/पुरुष दुवैले निर्णय गर्ने गरेको पाइयो । मेला पर्म जाने २८ वटा घरहरुमध्ये ७ वटा (२५%) घरहरुमा महिलाहरुले मात्र, १२ वटा (४३%) घरहरुमा पुरुषले मात्र र ९ वटा (३२%) घरहरुमा महिला/पुरुष दुवैले मेलापर्म जाने कुरामा निर्णय गर्ने गरेको पाइयो । त्यसैगरी खनजाते गर्ने कुरामा ८ वटा (१६%) घरहरुमा महिलाले मात्र, २९ वटा (५८%) घरहरुमा पुरुषले मात्र र १३ वटा (२६%) घरहरुमा महिला/पुरुष दुवैले निर्णय गर्ने गरेको पाइयो । बीउबीजनको तयार गर्ने काममा महिला पुरुष दुवैको बराबर जस्तै निर्णायक भूमिका रहेको र सिंचाइ, मल तथा विषादीको प्रबन्ध गर्ने तथा गोडमेल गर्ने काममा तुलनात्मक रुपमा महिलाको भन्दा पुरुषको नै बढी निर्णायक भूमिका रहेको पाइयो । समग्रमा हेर्दा कृषि कार्यहरु

गर्नमा महिलाहरुले नै धेरैजसो समय बिताए पनि खेतीपाती गर्ने सवालमा के कसरी गर्ने तथा अन्य आर्थिक कारोवार लगायतका कृषि उपजहरुको किनबेच गर्ने काममा मुख्य निर्णायक भूमिका महिलाहरुको भन्दा बढी पुरुषहरुको नै भएको भेटिएको छ ।

### ५.४.२ पशुपालन सम्बन्धी विश्लेषण

यस अध्ययन क्षेत्रमा छनोटमा परेका घरहरुमा गाईवस्तु पाल्ने की नपाल्ने, गाईबस्तु पाल्ने की नपाल्ने भन्ने कुरामा कसले निर्णय गर्ने तथा गाईवस्तु पाल्ने क्रममा गर्नुपर्ने विभिन्न कामहरु क-कसले गर्ने र कामको बाँडफाँडमा कसको निर्णायक भूमिका रहने आदि सम्बन्धी प्राप्त जानकारीको आधारमा तलका तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका नं. ३२ः पशुपालनको आधारमा वर्गीकरण**

| पशुपंक्षी | संख्या | प्रतिशत |
|---|---|---|
| गाई, भैंसी, बाखा | १२ | २४ |
| गाई, भैंसी मात्र | ११ | २२ |
| बाखा मात्र | १३ | २६ |
| कुखुरा | ४ | ८ |
| केही पनि नपाल्ने | १० | २० |
| **जम्मा** | **५०** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिका तालिका नं. २९ अनुसार उद्देश्यपूर्ण अध्ययनको छनोटमा परेका महिलाहरुको घरहरुमा पशुपालनको स्थितिलाई अध्ययन गर्दा भरतपुर-११, बसेनीका गाई, भैसी, बाखां पाल्ने १२ जना (२४%), गाई, भैंसी मात्र पाल्नेहरु ११ जना (२२%), बाखा मात्र पाल्ने सबैभन्दा बढी १३ जना (२६%), कुखुरा पाल्ने ४ जना (८%) देखिए भने केही पनि नपाल्नेहरुमा १० जना (२०%) भेटिए । जसमा आफ्नो व्यापार व्यवसाय, जागिर वा बच्चा साना भउका कारणले गर्दा वा घरधन्दामा सीमित भएका गृहिणीहरु

पर्दछन् । यसरी यस अध्ययनको क्रममा के देखियो भने केही महिलाहरुले आफ्नो पेवाको लागि कुखुरा, बाखापालन गरेको वा गाई, बाख्र अरुलाई अधियामा पाल्न दिएको पनि भेटिए ।

**तालिका नं. ३३ः पशुपंक्षी पाल्ने कि नपाल्ने भन्ने निर्णय सम्बन्धी विश्लेषण**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | २५ | ५० |
| पुरुष | ९ | १८ |
| दुवै | १६ | ३२ |
| **जम्मा** | **५०** | **१००** |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

माथिको तालिका नं. ३० अनुसार छनोटमा परेका ५० वटा घरहरु मध्ये सबैभन्दा धेरै २५ वटा (५०%) घरहरुमा पशुपंक्षी पाल्ने कि नपाल्ने भन्ने कुरामा महिलाले मात्र निर्णय गर्ने गरेको पाइयो र सबैभन्दा थोरै ९ वटा (१८%) घरहरुमा पुरुषले मात्र अनि १६ वटा (३२%) घरहरुमा महिला पुरुष दुवैले यस कुरामा निर्णय गर्ने गरेको भेटियो । पशुपालनमा बढी स्याहार सम्भार गर्ने काम महिलाले नै गर्ने भएकाले पशुपंक्षी पाल्ने की नपाल्ने भन्ने सवालमा यस क्षेत्रमा महिलाले नै धेरैजसो निर्णय गर्ने गरेको पाइयो ।

**तालिका नं. ३४ः पशुपालन गर्दा गरिने काम कसले गर्ने भन्ने सम्बन्धी विश्लेष**

| क्र.सं. | कामको प्रकृति | कसले गर्ने | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | प्रतिशत | पुरुष | प्रतिशत | दुवै | प्रतिशत |
| १ | गाई वस्तुको गोबर घसेटो गर्ने | ३१ | ७७.५ | ३ | ७.५ | ६ | १५ |
| २ | घाँसपात गर्ने | ३१ | ७७.५ | ३ | ७.५ | ६ | १५ |
| ३ | दुहनबाहन गर्ने | ३१ | ७७.५ | ३ | ७.५ | ६ | १५ |
| ४ | दानापानी गर्ने | ३१ | ७७.५ | ३ | ७.५ | ६ | १५ |
| ५ | पशुपंक्षीलाई भित्र बाहिर सार्ने | ३१ | ७७.५ | ३ | ७.५ | ६ | १५ |

श्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५ ।

तालिका नं. २९ को विश्लेषण अनुसार यस अध्ययन क्षेत्रमा छानिएका ५० वटा घरहरुमध्ये १० वटा घरहरुमा कुनै पशुपंक्षीहरु नपालेको र ४० वटा घरहरुमा मात्र पशुपंक्षीहरु पाल्ने गरेको देखियो । तालिका नं. ३१ मा यिनै ४० वटा घरहरुबाट पशुपंक्षीलाई स्याहार्ने क्रममा गर्नुपर्ने विभिन्न कामहरु कसले गर्छ भनी गरिएको सर्वेक्षणबाट आएको जानकारी अनुसार विश्लेषण गरिएको छ । जसमा गाईवस्तुको गोबर घसेटो गर्ने, घाँसपाट गर्ने, दुहनबाहन गर्ने, दानापानी गर्ने, पशुपंक्षीलाई भित्र बाहिर सार्ने आदि सबै कामहरु ४० वटा घरहरुमध्ये ३१ वटा (७७.५%) घरहरुमा महिलाले मात्र ३ वटा (७.५%) घरहरुमा पुरुषले मात्र र ६ वटा (१५%) घरहरुमा महिला/पुरुष दुवैले गर्ने गरेको पाइयो । यसप्रकार निष्कर्षमा पशुपंक्षीलाई स्याहार सम्भार गर्ने काम अधिकांश रुपमा महिलाले नै गर्ने गरेको भेटियो । साथै यस्ता कामहरुमा निर्णायक भूमिका कसको भनी गरिएको सर्वेक्षणमा धेरैजसो पुरुषको नै प्रमुख निर्णायक भूमिका रहेको र केही मात्रामा महिलाको निर्णायक भूमिका रहेको पाइयो भने केहीले जवाफ नै दिएनन् । साथै पशुपालन हुने आर्थिक कारोबार अर्थात् पशुपंक्षी किनबेच आदि कार्यमा धेरैजसो घरहरुमा पुरुषको निर्णय नै मान्य हुने गरेको पनि सर्वेक्षणको क्रममा भेटियो ।

# अध्याय - ६

# सारांश र निष्कर्ष

## ६.१ सारांश

अध्ययन क्षेत्र भरतपुर-११, बसेनी, मध्यमाञ्चल विकासक्षेत्रको नारायणी अञ्चलको चितवन जिल्लामा अवस्थित रहेको छ । भरतपुर-११ को कुल घरधुरी संख्या २३२६ रहेको छ । यी घरधुरीहरु मध्ये ५० वटा घरधुरीहरुलाई छानिएको छ । यस अध्ययनको मुख्य उद्देश्य यहाँका महिलाहरुको घरायसी निर्णय प्रक्रियामा के कस्तो भूमिका रहेको छ भनी हेर्नु हो ।

वर्णनात्मक विश्लेषणको आधारमा तयार पारिएको प्रस्तुत अनुसन्धानात्मक शोधग्रन्थमा भरतपुर ११, बसेनीका विवाहित महिलाहरुको घरायसी निर्णयमा रहेको भूमिकाको निचोड एवं सारांशलाई निम्न किसिमबाट बुँदागत रुपमा देखाइएको छ ।

- छानिएका ५० वटा घरधुरीमा प्रत्येकबाट एक एक जना विवाहित महिलालाई उत्तरदाताको रुपमा लिइएको छ ।
- यी उत्तरदाताहरु मध्ये धेरैजसो ब्राह्मण क्षेत्री छन् भने गुरुङ्ग, तामाङ्ग, मगर, नेवार तथा राईहरु पनि परेका छन् ।
- सबैभन्दा बढी उत्तरदाता (४०-५०) वर्ष उमेर समूहका १७ जना (३४%) छन् भने २० देखि ६४ वर्षसम्मका उत्तरदाताहरु यस अध्ययनमा परेका छन् ।
- ५० जना उत्तरदाताहरु मध्ये ४३ जना विवाहित, ५ जना विधवा र २ जना पारपाचुके गरी एक्लै बसेकाहरु छन् ।
- १२ जना (२४%) उत्तरदाताहरु अशिक्षित, ८ जना (१६%) उत्तरदाताहरु साधारण लेखपढ गरेका, ११ जना (२२%) एस.एल.सी. भन्दा कम पढेका छन्

त्यस्तै एस.एल.सी. सम्म गर्नेहरुको संख्या ९ जना (१८%) छ भने १० जना (२०%) उत्तरदाताहरु एस.एल.सी. भन्दा बढी अर्थात् प्रमाणपत्रदेखि स्नातकसम्म पढेकाहरु छन् ।

- अध्ययन क्षेत्रमा छानिएका कुल जनसंख्या २३५ मध्ये ११३ जना पुरुष र १२२ जना महिला रहेका छन् । जसमध्ये २ जना (१.९%) पुरुषहरु र २६ जना (२२.४%) महिलाहरु अशिक्षित रहेका छन् र महिलाहरु भन्दा पुरुषहरु नै बढी शिक्षित छन् ।

- जातीगत आधारमा शैक्षिक विश्लेषणलाई हेर्ने हो भने गुरुङ्ग, तामाङ्ग, नेवार, मगर तथा राईहरु भन्दा ब्राह्मण क्षेत्रीहरु नै बढी शिक्षित भएको देखिएको छ ।

- १५ जना (३०%) उत्तरदाताहरु कृषिमा र १६ जना (३२%) उत्तरदाताहरु व्यवसायमा लागेका छन् । त्यस्तै जागीरमा २४ प्रतिशत, ज्यालादारी १४ प्रतिशत उत्तरदाताहरु पाइएको छ । जुनसुकै पेशामा लागे पनि सबैजना अलि अलि भएपनि कृषि क्षेत्रमा संलग्न रहेकै पाइएको छ ।

- त्यसैगरी छानिएका घरधुरीका समग्र जनसंख्याको पेशागत विश्लेषणलाई हेर्ने हो भने धेरैजसो पुरुषहरु जागिरमा र थोरैजसो पुरुषहरु ज्यालादारीमा संलग्न रहेका छन् भने धेरैजसो महिलाहरु कृषि र विद्यार्थीमा संलग्न रहेका र थोरै जसो महिलाहरु ज्यालादारीमा संलग्न रहेको देखिन्छ तर ज्यालादारीमा लाग्ने महिलाहरुको संख्या पुरुषहरुको भन्दा धेरै छ ।

- यहाँका छानिएका घरहरुमध्ये मासिक आय रु. ३००१-रु.६००० सम्म हुने घरहरुको संख्या धेरै २० वटा (४०%) रहेको छ ।

- ५० जना उत्तरदाताहरु (महिलाहरु) मध्ये १६ जना (३२%) को मात्र आफ्नो निजी सम्पत्ति (दाइजो वा पेवा) भएको पाइयो ।

- ५० वटा घरहरु मध्ये १९ वटा (३८%) घरहरुमा महिलाले मात्र घरायसी आम्दानी राख्ने जिम्मा पाएको, १५ वटा (३०%) घरहरुमा पुरुषले मात्र र १६ वटा (३२%) घरहरुमा महिला पुरुष दुवैले घरको आम्दानी राख्ने अधिकार पाएको भेटियो ।

- घरायसी खर्च सम्बन्धी १५ वटा (३०%) घरहरुमा महिलाले मात्र निर्णय गर्ने, १२ वटा (२४%) घरहरुमा पुरुषले मात्र र २३ वटा (४६%) घरहरुमा महिला/पुरुष दुवैले यस सम्बन्धी निर्णय गर्ने गरेको पाइयो ।

- ऋण सापटी लेनदेन गर्ने कुरामा ५० वटा घरहरु मध्ये १२ वटा (२४%) घरहरुमा महिलाले मात्र, २१ वटा (४२%) घरहरुमा पुरुषले मात्र र १७ वटा (३४%) घरहरुमा महिला/पुरुष दुवैले निर्णय गर्ने गरेको भेटियो ।

- दैनिक आवश्यक घरायसी सरसामानहरु किन्ने कुरामा प्रमुख निर्णायक भूमिका ५० वटा घरहरु मध्ये २४ वटा (४८%) घरहरुमा महिलाको मात्र, १० वटा (२०%) घरहरुमा पुरुषको मात्र र १६ वटा (३२%) घरहरुमा महिला/पुरुष दुवैको रहेको भेटियो ।

- विशेष खालका घरायसी किनमेल सम्बन्धमा प्रमुख भूमिका १२ वटा (२४%) घरहरुमा महिलाको मात्र, २५ वटा (५०%) घरहरुमा पुरुषको मात्र र १३ वटा (२६%) घरहरुमा महिला/पुरुष दुवैको रहेको देखियो ।

- ५० वटा घरहरु मध्ये १० वटा (२०%) महिलाले मात्र, २४ वटा (४८%) घरहरुमा पुरुषले मात्र र १६ वटा (३२%) घरहरुमा महिला/पुरुष दुवैले छरछिमेक तथा आफन्तमा हुने बिहेवारी जस्ता उत्सवमा हुने सामान्य खर्च सम्बन्धी निर्णय गर्ने अधिकार पाएको देखियो ।

- कृषिमा लाग्ने खर्चसम्बन्धी प्रमुख निर्णायक भूमिका १८ वटा (३६%) घरहरुमा महिलाको मात्र, २० वटा (४०%) घरहरुमा पुरुषको मात्र र १२ वटा (२४%) घरहरुमा महिला पुरुष दुवैको रहेको पाइयो ।

- कृषि उपजको बिक्री वितरण गर्ने सम्बन्धमा ५० वटा छानिएका घरहरु मध्ये १३ वटा (२६%) घरहरुमा महिलाको मात्र, १७ वटा (३४%) घरहरुमा पुरुषको मात्र र २० वटा (४०%) घरहरुमा महिला पुरुष दुवैको निर्णायक भूमिका रहेको पाइयो ।

- घरायसी कामकाज के-के, क-कसले गर्ने भन्ने सन्दर्भमा सबैजसो घरायसी कामहरु धेरैजसो महिलाहरुले नै गर्ने र पुरुषहरुको अलि अलि मात्रामा सहयोग रहेको पाइयो भने घरायसी किनमेल गर्ने परिवारका सदस्य बिरामी पर्दा हेरविचार गर्ने काममा चाहिँ पुरुषहरु तुलनात्मक रुपमा अन्य कामहरुमा भन्दा बढी मात्रामा लागेको देखिएको छ ।

- महिलाहरुलाई घरधन्दामा एकल परिवारहरुमा धेरैजसो श्रीमान्ले सघाउने र संयुक्त परिवारहरुमा धेरैजसो सासुले सघाउने गरेको भेटियो । त्यसैगरी ५० वटा घरहरुमध्ये १२ वटा (२४%) घरहरुमा छोराछोरीले र १० वटा (२०%) घरहरुमा घरका सबै परिवारहरुले घरधन्दामा महिलालाई सघाउने गरेको भेटियो ।

- परिवारका सदस्यहरु बिरामी पर्दा औषधी उपचार गर्ने कुरामा ५० वटा घरहरु मध्ये १२ वटा (२४%) घरहरुमा महिलाले मात्र, १४ वटा (२८%) घरहरुमा पुरुषले मात्र र २४ वटा (४८%) घरहरुमा महिला-पुरुष दुवैले निर्णय गर्ने गरेको पाइयो ।

- छोराछोरीको शिक्षाको सम्बन्धमा प्रमुख निर्णायक भूमिका ७ वटा (१४%) घरहरुमा महिलाको मात्र १३ वटा (२६%) घरहरुमा पुरुषको मात्र र ३० वटा (६०%) घरहरुमा महिला पुरुष दुवैको रहेको पाइयो ।

- छरछिमेक तथा इष्टमित्रहरुसँग सम्बन्ध स्थापना गर्ने कुरामा १८ वटा (३६%) घरहरुमा महिलाको मात्र, ११ वटा (२२%) घरहरुमा पुरुषको मात्र र २१ वटा (४२%) घरहरुमा महिला पुरुष दुवैको रहेको पाइयो ।

- पाहुनाहरुको स्वागत सत्कारमा २३ वटा (४६%) घरहरुमा महिलाले मात्र, ७ वटा (१४%) घरहरुमा पुरुषले मात्र र २० वटा (४०%) घरहरुमा महिला पुरुष दुवैले ध्यान दिने गरेको अध्ययनको क्रममा थाहा भयो ।

- चाडपर्वहरुमा प्रमुख भूमिका छनोटमा परेका ५० वटा घरहरु मध्ये १८ वटा (३६%) घरहरुमा महिलाको मात्र, ९ वटा (१८%) घरहरुमा पुरुषको मात्र र २३ वटा (४६%) घरहरुमा महिला पुरुष दुवैको रहेको पाइयो ।

- छनोटमा परेका ५० जना महिलाहरुमध्ये ३३ जना महिलाहरु सामाजिक भेला संगठनमा सहभागी हुने गरेको जसमध्ये २४ जना महिलाहरु घर सल्लाह अनुसार र ९ जना महिलाहरु आफूखुशी सहभागी हुने गरेको जानकारी आयो र ५० जना मध्ये १७ जना महिलाहरु विभिन्न घरायसी तथा अन्य कारणहरुले गर्दा यस्ता सामाजिक भेला संगठनहरुमा सहभागी हुने नगरेको भेटियो ।

- समग्र घरायसी क्रियाकलापमा प्रमुख निर्णायक भूमिका १२ वटा (२४%) घरहरुमा महिलाको मात्र, २० वटा (४०%) घरहरुमा पुरुषको मात्र र १८ वटा (३६%) घरहरुमा महिला पुरुष दुवैको रहेको पाइयो ।

- ५० वटा घरहरुमा धेरै थोरै भए पनि केही ने केही खेतीपाती गर्ने गरेको भेटियो भने ४० वटा घरहरुमा मात्र पशुपंक्षी पाल्ने गरेको र १० वटा घरहरुमा

नपाल्ने गरेको भेटियो र पशुपंक्षीलाई स्याहार सम्भार गर्ने काम धेरैजसो महिलाहरुले नै गर्ने भएकाले पशुपंक्षी पाल्ने कि नपाल्ने भन्ने कुरामा धेरैजसो महिलाहरुले नै निर्णय गर्ने गरेको भेटियो ।

- खेतीपाती अन्तर्गतका विभिन्न कामहरु मध्ये खनजोत गर्ने र सिंचाइ, मल तथा विषादीको प्रबन्ध गर्ने काम धेरैजसो पुरुषहरुले नै गर्ने गरेको र अन्य कामहरु प्रायः महिलाहरुले नै धेरैजसो गर्ने गरेको पाइयो भने केही मात्रामा पुरुषहरुको पनि सहयोग रहने गरेको पनि भेटियो । यस अध्ययन क्षेत्रमा धान, मकै, गहुँ, आलु आदि खेतीपाती गरिने रहेछ ।

## ६.२ निष्कर्ष

नेपाल गाऊँ नै गाउँले भरिएको कृषि प्रधान देश हुनाले नै अधिकांश ग्रामीण महिलाहरुको जीवन घरधन्दा, दानापानी, खानापिना, घाँसदाउरा, दैलोकुचो, गाई वस्तुको हेरचाह, बच्चाहरुको स्याहारसुसार, बुढापाकाहरुको रेखदेख गर्दैमा बितेको हुन्छ । वास्तवमा घरको सम्पूर्ण कार्यमा पुरुषभन्दा बढी परिश्रम गरेपनि धार्मिक, सांस्कृतिक, सामाजिक परम्पराले गर्दा ग्रामीण महिलाहरुले पुरुषसरह समान अधिकार पाउन सकेका हुँदैनन् ।

समयको परिवर्तन सँगै आधुनिकीकरण, भौगोलिक वातावरण, बजारको विस्तार, शहरी क्षेत्रसँगको सम्बन्ध र सम्पर्क, शैक्षिक क्षेत्रमा भएको विस्तार, प्रजातन्त्रको उदय, सामाजिक आन्दोलन, सञ्चार आदि कारणहरुले गर्दा यस क्षेत्रका महिलाहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक, शैक्षिक, राजनैतिक, मनोवैज्ञानिक प्रभावले घरायसी निर्णय प्रक्रियामा केही सकारात्मक स्थिति देखिए तापनि धार्मिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, कानुनी, आर्थिक, शैक्षिक आदि विभिन्न कारणहरुले गर्दा नै महिलाहरु पिछडिएकाले यी कारणहरुमा सुधार ल्याई विकासका हरेक क्षेत्रमा समान सहभागिताको रुपमा लैंगिक समानता, महिला र विकास, जेन्डर र विकास जस्ता अवधारणाहरु लागू भई विभिन्न अन्तर्राष्ट्रिय सम्मेलन देखि राष्ट्रिय, क्षेत्रीय सम्मेलनहरु

भए पनि समस्याको जरो नसमातोसम्म नेपाली महिलाको अवस्थामा सुधार आउने छैन ।

भरतपुर-११, बसेनीमा गरिएको घरायसी निर्णय प्रक्रियामा महिलाको भूमिका सम्बन्धी गरिएको अध्ययन क्षेत्र सर्वेक्षण अनुसार आएको नतिजा अनुसार महिलाको स्थिति त्यति नराम्रो त देखिएको छैन । विभिन्न क्षेत्रमा गरिने निर्णयहरुमा पनि महिलाहरुको पुरुषहरुकै हाराहारिमा नै भूमिका रहेको देखिन्छ । आर्थिक क्रियाकलापमा चाहिँ महिलाको भन्दा पुरुषहरुको नै बढी निर्णायक भूमिका रहेको देखियो । त्यसैगरी महिला महिलाहरुकै बीचमा पढेलेखेका र नपढेका महिलाहरुको निर्णयाधिकारलाई तुलनात्मक रुपमा हेर्दा नपढेका महिलाहरुको तुलनामा पढेका महिलाहरुमा आत्म बलको कारणले गर्दा बढी निर्णयाधिकार रहेको पनि अध्ययनको क्रममा भेटियो ।

तुलनात्मक रुपमा नै अध्ययन गर्ने क्रममा विभिन्न जातजाती अनुसारका महिलाहरुका बीचमा हेर्ने हो भने ब्राह्मण क्षेत्री परिवारका महिलाहरुले घरभित्र वा घर बाहिर पुरुषको तुलनामा अत्यन्त राम्रो फलदायी हुने किसिमको कामको निर्णय लिन र दिन सक्ने क्षमता, सीप तथा अनुभव महिलाहरुमा भए तापनि ब्राह्मण क्षेत्री परिवारमा महिलाहरुको क्षमताको कदर गर्ने र असल वा कमसल जुनसुकै कामको समेत महिलाहरुलाई निर्णय गर्न दिने अधिकार प्रायः परम्परादेखि नै देखिँदैन । यस किसिमको स्थिति रही रहनु पछाडि हरेक निर्णयमा पुरुषको बाहुल्यता रहनु र स्वयं समाज पुरुष प्रधान किसिमको रहनुको कारणलाई लिन सकिन्छ । यस भरतपुर-११, बसेनीका बुहारीहरुले धेरैजसो कामहरु गर्दा आफ्नै स्वविवेकले निर्णय नगरी सासु ससुरा तथा श्रीमान्को आदेश अनुसार गर्नुपर्ने हुन्छ । बुहारीहरुलाई अर्थात् महिलाहरुलाई त्यस्ता कामको निर्णय गर्ने अधिकार छ जहाँ पुरुषको श्रम र समय बढी खर्च नहोस्, आर्थिक रुपले लगानी नपरोस्, जुन काम महिलाहरुले गर्दा पुरुषहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा फाइदा भएको महशुस होस् । यी सबै किसिमका काममा महिलाहरुलाई निर्णय गर्ने अधिकार रहन्छ भने अन्यथा ब्राह्मण क्षेत्री परिवारका महिलाहरुलाई कमै अधिकार दिइएको पाइन्छ । पढेलेखेका ब्राह्मण-क्षेत्री महिलाहरु र नपढेका गुरुङ, तामाङ्ग, मगर जातिका महिलाहरु बीचमा निर्णयाधिकार समान खालको रहेको छ । यसप्रकार

जातीगत हिसाबले हेर्दा उच्च जातीय महिलाहरुमा भन्दा तल्लो अथवा मतवाली महिलाहरमा घरायसी निर्णयमा बढी अधिकार दिइएको यस अध्ययनको क्रममा देखिएको छ । यो निष्कर्ष विभिन्न मुख्य सूचनाकर्ताहरु राजनीतिज्ञ, समाजसेवी आदिबाट लिइएको जानकारीमा पनि आधारित छ । उनीहरुका अनुसार यस अध्ययन क्षेत्रमा विभिन्न थरीका महिलाहरु छन् जसमा कतिपय नितान्त कृषक छन्, अर्कोथरी गृहिणी साथै पढेलेखेका भए पनि घरभित्र मात्रै सीमित छन् र केही केही महिलाहरु बाहिर कमाउन पनि गएका छन् । नयाँ-नयाँ पिंढीहरु पढेलेखेका र परिवर्तित हुँदैछन् र पनि परम्परागत सोच र मान्यता हावी भएकोले महिलाको अधिकार त्यति राम्ररी बुझेको पाइँदैन । महिलाहरु विवेकशील, सृजनात्मक हुन्छन्, त्यसैले उनीहरुले गर्ने निर्णय ठीक हुन्छ र इमान्दारिता बहन गर्न सक्छन् भन्ने जस्ता आशयहरु विभिन्न सूचनाकर्ताहरुबाट आएको थियो । केही उत्तरदाताहरुले घरपरिवारमा आफ्नो अधिकार तथा भूमिका न्यून रहे पनि ठीकै छ राम्रै छ भन्ने खालका उत्तरहरु पनि दिएका थिए । उत्तरदाताहरुको राय बुझ्ने क्रममा शिक्षा तथा चेतनाको विकास भयो र परम्परागत सोचको अन्त्य भयो भने महिलाहरु माथि उठ्न सक्छन् भन्ने खालको आशय पनि आएको थियो ।

यस अध्ययनको समग्र विश्लेषणलाई हेर्दा अन्य अध्ययनहरुबाट आएको निष्कर्षको तुलनामा यसमा महिलाहरुको अवस्था त्यति धेरै नराम्रो त देखिएको छैन तैपनि पुरुषहरुको तुलनामा भने घरायसी निर्णय प्रक्रियामा महिलाहरको भूमिका कमै देखिन्छ । महिला र पुरुषमा रहेको विभिन्न विविधतालाई हटाउनको लागि सर्वप्रथम त शिक्षा तथा चेतनामा नै बृद्धि हुनु आवश्यक छ । परम्परागत सोंच र मान्यतालाई अवलम्बन गर्दै आएकोले पनि महिलाहरु अगाडि बढ्न नसकेको देखिन्छ । त्यसैले आफ्नो संस्कृतिलाई जोगाउँदै नचाहिँदा अन्धविश्वासी प्रवृत्तिका अर्थात् विकासका बाधक परम्परागत सोंच तथा कुरितिहरुलाई भने सबैको मन मस्तिष्कबाट हटाउनु अपरिहार्य देखिएको छ । कानुन अनि भनाइमा मात्र महिला स्वतन्त्रता र लैङ्गिक समानताको कुरा नगरेर व्यवहारिक रुपमा पनि यसको अवलम्बन गर्नुपर्दछ । महिलालाई शिक्षा मात्र नभई आत्मबल, स्वतन्त्रता तथा अधिकार पनि दिनुपर्छ ।

# सन्दर्भग्रन्थ सूची

## (क) नेपाली


**अन्तरिम संविधान,** (२०६३), कानुन किताब व्यवस्था समिति, काठमाडौं ।

ओभ्फा, घननाथ (२०६४), **नेपालमा महिला,** शोधपत्र, स्नात्तकोत्तर तह, समाजशास्त्र, त्रि.वि.वि., काठमाडौं ।

अर्याल, भोजेन्द्र (२०६५), **लैङ्गिक अध्ययन,** समाजशास्त्र/मानवशास्त्र विभाग, स्नातकोत्तर तह, द्वितीय वर्ष, एघारौं पत्र, ज्ञानकुञ्च प्रकाशन, काठमाडौं ।

काफ्ले, भागीरथ गोमा (२०४६), **केही अनुसन्धनात्मक अभिव्यक्ति,** नेपाल अंक २, वर्ष १, काठमाडौं ।

खनाल, रिता (२०६५) असोज, **सर्वोत्तम नारी**, वर्ष ६, अंक १२, कान्तिपुर पब्लिकेशन, काठमाडौं ।

खरेल, सिमा (२०६४) फागुन, **हिमाल खबर पत्रिका**, वर्ष १७, अंक १२, हिमाल मिडिया प्रा.लि., काठमाडौं ।

ताम्राकार, रिना, (२०६१), **महिला विरुद्धको घरेलु हिंसा,** शोधपत्र, स्नात्तकोत्तर तह, समाजशास्त्र, त्रि.वि.वि., काठमाडौं ।

तुलाधर, डा. ज्योति (१९९७), **प्रतिवेदन,** मिनीबेइजिङ्ग सम्मेलन ।

**दशौं योजना** (२०५९), राष्ट्रिय योजना आयोग, काठमाडौं ।

**नवौं योजना** (२०५५), राष्ट्रिय योजना आयोग, काठमाडौं ।

पौडेल, निरा (२०६०) मंसिर, **हिमाल खबर पत्रिका**, वर्ष १३, अंक १०, हिमाल मिडिया प्रा.लि., काठमाडौं ।

पौडेल, बाबुराम (२०५५), **सुनवल गा.वि.स. का बाहुनी बुहारीहरुको अध्ययन,** शोधपत्र, स्नातकोत्तर तह, समाजशास्त्र त्रि.वि.वि., काठमाडौं ।

भट्ट, रिना (२०६५) जेष्ठ १५, **कान्तिपुर राष्ट्रिय दैनिक,** कान्तिपुर पब्लिकेशन, काठमाडौं ।

यू.एन.डि.पी. (२०६३), **बाँके जिल्ला सहस्राब्दी विकास लक्ष्य,** प्रगति प्रतिवेदन ।

**राष्ट्रिय प्रतिवेदन** (२०००), बेइजिङ्ग + ५, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, काठमाडौं ।

शर्मा, दिपा (२०६५) बैशाख, **सर्वोत्तम नारी,** वर्ष ६, अंक ६, कान्तिपुर पब्लिकेशन, काठमाडौं ।

हाडा, निमा (२०५४), **चापागाउँ गा.वि.स. स्थित फ्याङगाउँका महिलाहरुको सामाजिक, आर्थिक अवस्था एक समाजशास्त्रीय अध्ययन,** शोधपत्र, स्नात्तकोत्तर तह, समाजशास्त्र त्रि.वि.वि., काठमाडौं ।

### (ख) अंग्रेजी

Acharya, Meena (1981), **Status of Women,** Vol. II, Part I.

Acharya, Meena, Bennett Lynn (1983), **Status of Women in Nepal**, Vol. IV, Part II, CEDA,. KTM.

Acharya, Meena (1997), **Gender Equality and Empowerment of Women**, CEDA, KTM.

Acharya, Meena (1994), **Status of Nepalese Women,** Vol. II, Part I, CEDA, KTM.

Adhikari, Nirmala and Karki Arjun (1991), **Nepalma Mahila Kisan**, Kathmandu.

Bhusal, Rajendra Prasad (2004), **Role of Women in Household Decision Making: A Case Study of Argha VDC, Arghakhanchi Disttrict,** Department of Economics, Kirtipur.

CBS (1997), **Statistical Year Book of Nepal**, CBS, Kathmandu.

Central Bureau of Statistics (2001), **Population Census**, Kathmandu.

Majpuria, Indra (2007), **Nepalese Women** (Status and Role), Kathmandu.

Sharma Sharda (2053), **Pariwarik Jivan Sriste,** Kantipur Publication, Kathmandu.

Singh, Rajendra Bahadur (2004), **Women in Household Decision Making Process, A Study of Luyata VDC, Bajhang,** A Dissertation, Department of Population, Kirtipur.

Slattery, Martin (2003), **Key Ideas in Sociology.**

## घरायसी निर्णय प्रक्रियामा महिलाको भूमिका

## (भरतपुर ११, चितवनको समाजशास्त्रीय तथा लैङ्गिक अध्ययन)

## अन्तर्वार्ता तालिका

## समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर

**विवाहित महिलाहरुको लागि मात्र**

### खण्ड १

### सामान्य जानकारी

१. उत्तरदाताको व्यक्तिगत विवरण

(क) नामः (ख) उमेरः

(ग) वैवाहिक स्थितिः विवाहित/विधवा/पारपाचुके (घ) जातः

(ङ) परिवार प्रकारः एकात्मक/संयुक्त (च) पेसाः

(छ) शिक्षाः (ज) घरमुलीसँगको सम्बन्धः

**२. पारिवारिक विवरणः**

| क.सं. | नाम | लिङ्ग | उमेर | शिक्षा | पेसा | उत्तरदातासँगको नाता |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |

## खण्ड २
## आर्थिक क्रियाकलाप

१. तपाईको घरको मासिक आम्दानी कति छ ? (रुपैयाँमा)

(क) १,०००-३,००० (ख) ३,००१-६,०००

(ग) ६,००१-१०,००० (घ) १०,००१ देखि माथि

२. तपाईको आफ्नो निजी सम्पत्ति (दाइजो वा पेवा) केही छ ?

(क) छ (ख) छैन

३. तपाईको घरको आम्दानी कसले राख्नुहुन्छ ?

(क) महिला (ख) पुरुष (ग) दुवै

४. घरायसी खर्च गर्ने कुरामा कसले निर्णय गर्नुहुन्छ ?

(क) महिला (ख) पुरुष (ग) दुवै

५. ऋण सापट लिनेदिने कुरामा कसले निर्णय गर्नुहुन्छ ?

(क) महिला (ख) पुरुष (ग) दुवै

६. दैनिक आवश्यक घरायसी सरसामानहरु किन्ने कुरामा कसले निर्णय गर्नुहुन्छ ?

(क) महिला (ख) पुरुष (ग) दुवै

७. विशेष खालका घरायसी सरसामानहरु किन्ने कुरामा कसले निर्णय गर्नुहुन्छ ?

(क) महिला (ख) पुरुष (ग) दुवै

८. छरछिमके तथा आफन्तमा हुने बिहेबारी जस्ता उत्सवमा हुने सामान्य खर्च सम्बन्धी निर्णय कसले गर्नुहुन्छ ?

(क) महिला (ख) पुरुष (ग) दुवै

९. खेतीपाती तथा पशुपालन गर्दा लाग्ने खर्च सम्बन्धी कसले निर्णय गर्नुहुन्छ ?

(क) महिला (ख) पुरुष (ग) दुवै

१०. कृषि उपजको बिक्री वितरण सम्बन्धी कसले निर्णय गर्नुहुन्छ ?

(क) महिला (ख) पुरुष (ग) दुवै

# खण्ड ३

## घरायसी क्रियाकलाप

१. घरायसी कामकाजको बाँडफाँड

| क्र.सं. | घरायसी कामकाज | कसले गर्ने | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | दुवै |
| १ | खाना बनाउने | | | |
| २ | घर सरसफाई गर्ने | | | |
| ३ | भाडा धुने | | | |
| ४ | लुगा धुने | | | |
| ५ | बच्चाको हेरचाह गर्ने | | | |
| ६ | साधारण घरायसी किनमेल गर्ने | | | |
| ७ | विशेष खालका घरायसी किनमेल गर्ने | | | |
| ८ | परिवारका सदस्य बिरामी पर्दा हेरचाह गर्ने | | | |

२. तपाईलाई घरधन्दामा कसले सहयोग गर्नुहुन्छ ?

(क) श्रीमान्　　(ख) सासु　　(ग) छोराछोरी　　(घ) सबैले

३. परिवारको सदस्यहरु बिरामी पर्दा औषधी उपचार गर्ने कुरामा कसले निर्णय गर्नुहुन्छ ?

(क) महिला　　(ख) पुरुष　　(ग) दुवै

४. छोराछोरीको शिक्षाको बारेमा कसले निर्णय गर्नुहुन्छ ?

(क) महिला　　(ख) पुरुष　　(ग) दुवै

५. घरछिमेकी तथा इष्टमित्रहरुसँगको सम्बन्ध कस्तो र कसरी राख्ने भन्ने बारेमा अह्राउने सिकाउने कसले गर्नुहुन्छ ?

(क) महिला　　(ख) पुरुष　　(ग) दुवै

६. पाहुनाहरुको स्वागत सत्कारमा कसले बढी ध्यान दिनुहुन्छ ?

(क) महिला (ख) पुरुष (ग) दुवै

७. चाडपर्वमा कसको भूमिका बढी हुन्छ ?

(क) महिला (ख) पुरुष (ग) दुवै

८. कुनै सामाजिक भेला, संगठनमा जानु भएको छ ?

(क) छ (ख) छैन

९. घर सल्लाह अनुसार जाने गर्नु भएको छ की आफू खुशी ?

.............................................................

१०. घरायसी क्रियाकलापमा प्रमुख निर्णयकर्ताको हुनुहुन्छ ?

(क) महिला (ख) पुरुष (ग) दुवै

## खण्ड ४

## कृषि सम्बन्धी क्रियाकलाप

१. तपाईहरु खेतीपाती गर्नुहुन्छ ?

(क) गर्छौं (ख) गर्दैनौं

२. यदि गर्ने भए कस्ता किसिमका खेतीपाती गर्नुहुन्छ ?

..............................................................................................

३. खेतीपाती सम्बन्धी कामको बाँडफाँड

| क.सं. | कामको प्रकृति | कसले गर्ने | | | को निर्णायक | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | दुवै | महिला | पुरुष | दुवै |
| १ | खनजोत गर्ने | | | | | | |
| २ | बीउबीजनको तयारी गर्ने | | | | | | |
| ३ | सिंचाइ, मल तथा विषादीको प्रबन्ध गर्ने | | | | | | |
| ४ | बाली लगाउने | | | | | | |
| ५ | गोडमेल लगाउने | | | | | | |
| ६ | बाली काट्ने भित्र्याउने | | | | | | |
| ७ | मेला पर्म जाने | | | | | | |
| ८ | कामदार लगाउने | | | | | | |

४. तपाईको घरमा गाई वस्तु पाल्नु भएको छ की छैन ?

(क) छ (ख) छैन

यदि छ भने के-के पाल्नुभएको छ ?

५. गाईवस्तु पाल्ने कि नपाल्ने भन्ने कुरामा कसले निर्णय गर्नुहुन्छ ?

(क) महिला (ख) पुरुष (ग) दुवै

६.	पशुपालन सम्बन्धी कामको बाँडफाँड

| क्र.सं. | कामको प्रकृति | कसले गर्ने | | | को निर्णायक | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | दुवै | महिला | पुरुष | दुवै |
| १ | गाईवस्तुको गोबर घसेटो गर्ने | | | | | | |
| २ | घाँसपात गर्ने | | | | | | |
| ३ | दुहनबाहन गर्ने | | | | | | |
| ४ | दानापानी गर्ने | | | | | | |
| ५ | पशुपक्षीलाई भित्र बाहिर सार्ने | | | | | | |

**समाप्त**